# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## भीरकोट नगरपालिका
## स्याङ्जा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

# गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

# मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ। लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,
( गण्डकी प्रदेश )

पत्र संख्याः २०७८।७९
च.नं. ६८ मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
भीरकोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
स्याङ्जा ।

**कैफियत सहितको राय**

हामीले भीरकोट नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. नगरपालिकाको लेखापरीक्षणबाट रू १ करोड ४७ लाख २४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू १४ लाख ८८ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू १४ लाख ३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू १० लाख ६२ हजार, नियमित गर्नुपर्ने रू १ करोड ७ लाख ११ हजार र पेश्की रू ६० हजार रहेको छ ।पालिकाको गतवर्ष रु ३ करोड ६३ लाख १४ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु २ करोड १० लाख ९४ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

भीरकोट नगरपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४२ | ३७ | १४७२४ | ० | ९ | १४८८ | ४२ | २८ | १३२३६ | १४०३ | १०७११ | १०६२ | ० | ० | ११७७३ | ६० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| स्याङ्जा | ३६३१४ | ० | २८४५६ | ७८५८ | ० | १३२३६ | २१०९४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : भीरकोट नगरपालिका, स्यांजा , भिरकोट नगरपालिका , स्याङ्जा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | खुमलाल भुसाल | २०७७-१२-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | राजेन्द्र प्रसाद पौडेल | २०७७-४-१ | |
| लेखा प्रमुख | जब्बर अलि मियाँ | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | १४,७२४,२७२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,५८,३७,७४१.५८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३७,०४,४९,४१६ | **चालु खर्च** | ३२,९५,२२,१३१.४२ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०६,४२,००० | **पूँजीगत खर्च** | ११,५८,०१,१२०.३४ |
| **राजश्व बाँडफाँट** | ६,५४,०६,३३८.२८ | **वित्तीय/अन्य व्यवस्था** | १९,००,६८,९७९.९ |
| **आन्तरिक आय** | २,०७,११,६३०.८ | | |
| **अन्य आय** | १२,२३,४५,१०५ | | |
| **कुल आय** | ५९,९५,५४,४९०.०८ | **कुल खर्च** | ६३,५३,९२,२३१.६६ |
| **बाँकी मौज्दात** | | ५,२५,९८,६६८.२९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परीचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगर पालिकाको स्थापना भएको हो।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ।पालिका अन्तर्गत९ वडा, २५५८३ जनसंख्या रहेका छन्।यसको क्षेत्रफल ७८.२३ वर्ग किलोमिटर रहेको छ। | |
| २ | | | लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना,२०७८ बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनकोमस्यौदा उपर व्यवस्थापनसंगको वहिर्गमन बैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ।लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ। | |
| ३ | | | **स्थानीय सञ्चित कोषः** आर्थिक वर्ष २०७7।७8 को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ। | |

| विवरण | टिप्पणी | यसवर्ष रु. | | | | गतवर्षरु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/ भुक्तानी | वस्तुगत | जम्मा | आफैलेगरेको प्राप्ति/ भुक्तानी | वस्तुगत | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५१५८७१४०२ | ५१९८२९८५४.०८ | | ५१९८२९८५४.०८ | ५८७२११५००.५६ | | ५८७२११५००.५६ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४९४०८९९५१ | ४९५४७८८८५.०८ | ० | ४९५४७८८८५.०८ | ४१६३८९९००.५६ | ० | ४१६३८९९००.५६ |
| ११००० कर | ११ | ९७४४९६६१ | ८६११७९६९.०८ | ० | ८६११७९६९.०८ | ५४३१६८९५.५४ | ० | ५४३१६८९५.५४ |
| १३००० अनुदान | | ३९६६४०२९० | ४०९३६०९१६ | ० | ४०९३६०९१६ | ३५८८१५००० | ० | ३५८८१५००० |
| संघीय सरकार | १२ | ३७१९६६२९० | ३८८७१९४१६ | ० | ३८८७१९४१६ | ३१३१३२००० | ० | ३१३१३२००० |
| प्रदेश सरकार | १२ | २४६७४००० | २०६४१५०० | ० | २०६४१५०० | ४५६८३००० | ० | ४५६८३००० |
| १४००० अन्य राजस्व | | ० | ० | ० | ० | ३२५८००५.०२ | ० | ३२५८००५.०२ |
| ख. अन्य प्राप्ति | | २१७८१४५१ | २४३५०९६९ | | २४३५०९६९ | १७०८२१६०० | | १७०८२१६०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ११७८१४५१ | २११४९९५० | ० | २११४९९५० | ० | ० | ० |
| धरौटी | | ० | ३२०१०१९ | ० | ३२०१०१९ | ४९७६६३ | ० | ४९७६६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | संघीयप्रदेश सरकार वा अन्य कार्यक्रम | | १००००००० | ० | ० | ० | १७०३२३९३७ | ० | १७०३२३९३७ | |
| | | | भुक्तानी (ग+घ) | | ५१५८७१४०२ | ४४५८०८४४६.४२ | | ४४५८०८४४६.४२ | ५७६८९१५५३.५२ | | ५७६८९१५५३.५२ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४९४०८९९५१ | ४३५६०५८९२.४४ | | ४३५६०५८९२.४४ | ४०६०९१८४६.५२ | | ४०६०९१८४६.५२ | |
| | | | पारिश्रमिक / सुविधा | १८ | ५९८५१००० | ४६५५२१२८ | ० | ४६५५२१२८ | १६७४९५८२५.७० | ० | १६७४९५८२५.७० | |
| | | | मालसामान तथा सेवा | १८ | १३३८४६९५१ | ११३१९७९७६.७२ | ० | ११३१९७९७६.७२ | ७८५९७९८७.९४ | ० | ७८५९७९८७.९४ | |
| | | | सहायता (Subsidy) | १८ | १४७८३४००० | १४३२५३४३९.६० | ० | १४३२५३४३९.६० | १९८६९७५७ | ० | १९८६९७५७ | |
| | | | २६००० अनुदान | १८ | १५३५८००० | ११२९६००० | ० | ११२९६००० | १०६७५३९३.३५ | ० | १०६७५३९३.३५ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ३२००००० | २९७५००० | ० | २९७५००० | ३७२६१८९ | ० | ३७२६१८९ | |
| | | | २८००० अन्य खर्च | १८ | २७००००० | २५३०२२७.७८ | ० | २५३०२२७.७८ | ३७८३२६१.८० | ० | ३७८३२६१.८० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १३१३००००० | ११५८०११२०.३४ | ० | ११५८०११२०.३४ | १२१९४३४३१.७३ | ० | १२१९४३४३१.७३ | |
| | | | घ. अन्य भूक्तानी | | २१७८१४५१ | १०२०२५५३.९८ | | १०२०२५५३.९८ | ५७६८९१५५३.५२ | | ५७६८९१५५३.५२ | |
| | | | कोषहरु | | ११७८१४५१ | ८५२६०७४ | ० | ८५२६०७४ | ० | ० | ० | |
| | | | धरौटी | | ० | ११९०२५० | ० | ११९०२५० | ४७५७७० | ० | ४७५७७० | |
| | | | संघीयप्रदेश सरकार वा अन्य कार्यक्रम | | १०००००००० | ० | ० | ० | १७०३२३९३७ | ० | १७०३२३९३७ | |
| | | | कट्टी रकम भुक्तानी | | | ४८६२२९.९८ | | ४८६२२९.९८ | | | | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | | ७४०२१४०७.६६ | | ७४०२१४०७.६६ | १०३१९९४७.०४ | | १०३१९९४७.०४ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३३८५१८० | | ३३८५१८० | १७१५०६४०.८८ | | १७१५०६४०.८८ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | | ७७४०६५८७.६६ | | ७७४०६५८७.६६ | २७४७०५८७.९२ | | २७४७०५८७.९२ | |
| | | | बैंक तथानगद बाकी | २४ | | ७८४०२७४७.६६ | | ७८४०२७४७.६६ | १२११८६९०३.६८ | | १२११८६९०३.६८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तिय विवरण स्थितीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ।सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीकोव्यवस्थापन गर्नुपर्दछ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :<br>• यस स्थानीय तहलेNPSASअनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन(म.ले.प.फा.नं. २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको एंव सुत्रमा विषयगत शिर्षकहरुको निकासा तथा खर्च रु.१३ करोड ६९ लाख ८५ हजार समेटन नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाई आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ।<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ आषाढ मसान्त भित्र सबै खर्च खाताहरु बन्द गरी खर्च हुन बाँकी रकम संचितकोषमा फिर्ता गर्नुपर्नेव्यवस्था भए बमोजिम पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरण अनुसार सबै खाताहरुको रकम २०७८ श्रावणमा मात्रै खर्च खाताबाट फिर्ता गरी संचित कोषमा आम्दानी बाँधिएको छ। | |
| ५ | | | **गत वर्षको जिम्मेवारीः**<br>पालिकाले गत वर्षको प्रतिवेदनमा विभिन्न कोष समेतको जिम्मेवारी सार्नुपर्ने रु.३६३२१७१५.५८भएकोमा सुत्रको म.ले.प.फा.नं.२७२ मा रु.३३८५१८०।०० मात्र जिम्मेवारी सारिएको पाइयो।सुत्रमा घटी जिम्मेवारी सारिएको रु.३२९३६५३५.५८ सुत्रमा आम्दानी बाँधी हिसाव मिलान गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बैंक मौज्दातः**<br>पालिकाले पेश गरेको प्रमाणित एकिकृत आ.वि. मा चालु आ.व. को चालु, पूँजिगत तथा अन्य विभिन्न ८ कोषहरु समेतको साट्न बाँकी चेकको विवरण पश्चात बैंक मौज्दात रु.५२९९८६६८.२९ रहेकोमा सुत्रको म.ले.प.फा.नं.२७२ मा बैंक तथा नगद मौज्दात रु.७८४०२७४७.६६ रहेको देखिन्छ।सुत्रमा बढी देखिएको रु.२५४०४०७९.३७ मध्ये श्रावणको १५ गते सम्ममा चेक साटिएको रु.६१५०९०७५.२८ पालिकाले दिएको विवरणमा छ।समग्रमा एकिकृत आ.वि. र सुत्रमा बैंक मौज्दात रु.३६१०४९९५.९१ फरक देखिन्छ।यस सम्वन्धमा पालिकाले बैंक हिसाव विवरण तयार पारी रकम मिलान गर्नुपर्दछ।<br>स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनुसारको वित्तीय प्रतिवेदन र पालिकाले पेश गरेको एकिकृत आर्थिक विवरणको तथ्याङ्कमा एकरुपता देखिदैन।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ। | |
| ७ | | | **आन्तरिक नियन्त्रण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन।यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन।<br><br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन।साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br><br>· राजश्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन ।<br><br>· स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>· पालिकाले मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको देखियो।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा ई-टीडिएस गरेको छैन।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिकसंरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाई एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको,<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाई व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा सुशासन समिति गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ दफा ४ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्तालिन चाहेमा नियमावलीको नियम ९ वमोजिम प्रत्येक सआर्थिक वर्षको कार्तिक मसान्त भित्र अनुसुची २ को ढाँचा वमोजिम उल्लेखित समयावधि भित्र वडा कार्यालयमा दरखास्तदिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३१ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>• सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ७ दफा ३२ (३) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ७ दफा ३२(२) मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको।<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ दफा ३४ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको।<br>• विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको,<br>• सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br><br>·स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा ऐन वनाउने सो ऐनको अधिनमा रही आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड, विनियम वनाउनुपर्नेमा पालिकासँग उक्त विवरण माग गरिएकोमा प्राप्त नभएकोले यस सम्बन्धमा यकिन हुन सकिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **सेवा प्रवाह**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म तथा मृत्यु दर्ताको लागि ८१६ ले निवेदन दिएकोमा ८१६, घरवाटो सिफारिश ४०९, नागरिकता सिफारिस ९०८, नाता प्रमाणित ३२७, बसाइसराई ३७ र अन्य २३९ दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो।पालिकाले विवाह दर्ता, सम्वन्ध विच्छेदपञ्जीकरण दर्ता तथा पारिवारिक लगतको अभिलेखआदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथामापदण्ड समेत वनाएको छैन।ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नुपर्दछ। | |
| ९ | | | **वजेट पेश पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ।सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ।यस स्थानीय तहमा २०७७।०३।१० गते रु.५७ करोड ९७ लाख ९९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।०३।१८ मा पारित भएको छ।यसैगरी स्थानीय तह प्रमुखले २०७७।३।२१ मा प्रमुख प्रशासकिय अधिकृतला ्इ बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **योजना तथा कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ।कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजनाछनौटलाई प्राथमिकतामा राखिनुपर्दछ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| सि न | विवरण | योजनासंख्या | रकम (रु.हजारमा) |
|---|---|---|---|
| १ | १ लाखभन्दा कमको योजना | ३० | १५०० |
| २ | १ लाख देखि पाँच लाख सम्मका योजना | १७० | २५५०० |
| ३ | ५ लाखदेखि १० लाख सम्मका योजना | ७ | ४८१० |
| ४ | १० लाख एकदेखि ५० लाख सम्मा योजना | १३ | ३२५०० |
| ५ | ५० लाखभन्दा माथिका योजनाहरु | ९ | ५१४९१ |
| | जम्मा | २२९ | ११५८०१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **क्षेत्रगत वजेट खर्चको स्थिति**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।<br>(रु.हजारमा) | |

| मुख्यक्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्येप्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५२५१३ | ४१०३५ | ९.४२ |
| सामाजिकक्षेत्र | २४५२१९ | २२०९६३ | ५०.७१ |
| पूर्वाधारविकास क्षेत्र | ८१७७५ | ७०२४० | १६.१२ |
| वातावरण तथाविपद् व्यवस्थापन | ९८ | ९७ | ०.०२ |
| वित्तीयव्यवस्थापन र सुशासन | १३४३३ | १०४८९ | २.४१ |
| कार्य सञ्चालनतथा प्रशासनिक खर्च | १०११५० | ९२८७९ | २१.३२ |
| जम्मा | ४९४१८८ | ४३५७०३ | १०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>

**चौमासिक पूँजिगत खर्चको स्थिति**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरवाटत्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुनेचौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये आषाढ महिनामा मात्र कुल खर्चको३९.२७ प्रतिशत खर्च भएको देखिन्छ।वर्षान्तमाहतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। **(रु हजारमा)**

<table>
<tr><th rowspan="2">पूँजीगत वजेट</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च</th><th rowspan="2">असार महिनाको खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसो चौमासिक</th></tr>
<tr><td>कुल पुँजीगत खर्च</td><td>११५८०१</td><td>३६४४</td><td>३४८८९</td><td>७७२६८</td><td>४५४८३</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>३.१५</td><td>३०.१३</td><td>६६.७२</td><td>३९.२७</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>

**खरिद योजना तथा गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ मा सार्वजनिक निकायले तोकिएको सिमाको भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिद गुरुयोजना तथा खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वार्षिक विभिन्न मालसमान खरिद एवं निर्माण कार्य गरेकोमा खरिद योजना तथा गुरुयोजना गरेको छैन । पालिकाले ऐन नियमावलीमा भएको प्रावधानको पूर्णरुपमा पालना गर्नुपर्ने देखिन्छ ।

</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>

**मौजुदा सुचि दर्ता**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ क बमोजिम प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा ४, दफा ४१ को उपदफा १ को खण्ड क र दफा ४६ बमोजिम गरिने खरिदको प्रकृति अनुसार आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १० को उपदफा २ बमोजिम योग्यताका आधारमा छुट्टाछुट्टै सुची तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।तर पालिकाले उपरोक्त अनुसारको मौजुदा सुची तयार गरेको देखिएन। पालिकाले खरिद ऐनमा भएको व्यवस्थाको पूर्णरुपमा पालना गर्नुपर्ने देखिन्छ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **न्यायिक समितीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ रहेको पालिकाले दिएको विवरणमा उल्लेख छ।यो बर्ष शुन्य मुद्दा दर्ता भएकोमा यो वर्ष फछ्यौट समेत शुन्य रहेको बाँकी ५ फछ्यौट नभएको पालिकाबाट प्राप्त विवरणमा उल्लेख छ। शुन्य मुद्दा सम्बन्धमा हो वा होईन भनी एकिन नभएकोले पालिकाले यकिन गर्नुपर्ने देखिन्छ। पालिकाले न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी प्रभावकारी ढंगबाट न्याय सम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| १६ | | | **आर्थिक सहायता**<br>सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने,, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड,, २०७७ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाले यस आर्थिक वर्षमा उल्लिखित शिर्षकमा जम्मा रु.२९ लाख ७५ हजार खर्च गरेको छ।नगरपालिकाको चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा स्पष्ट प्रयोजन समेत नखुलाई सहायता वितरण गरेको पाइयो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधि तयार नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखियो। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७</td><td></td><td></td><td>बुक कर्नर व्यवस्थापनः<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.३ मा सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याकंन आवश्यक सामाग्री, सुधारात्मक शिक्षण अनुदान, कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतका लागि प्रति विद्यार्थी रु.१०० अनुदान निकासा दिने व्यवस्था रहेको छ र शिक्षण सिकाई सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागी प्रति विद्यार्थी कक्षा १-५ सम्म वार्षिक रु १५०, ६-१० सम्म रु.२०० र कक्षा ११-१२ सम्म रु. २५० विद्यार्थी संख्या यकिन गरी अनुदान निकासा दिने व्यवस्था रहेकोमा पालिकाले IEMIS मा प्रविष्टी गरिएको विद्यार्थी संख्या भन्दा वढी संख्या राखी अनुदान निकासा दिएको पाईयो।उक्त वढी अनुदान निकासा दिएको रकम सम्बन्धित विद्यालयवाट असुल गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>कक्षा</td><td>IEMIS अनुसार विद्यार्थी संख्या</td><td>निकासा दिएको विद्यार्थी संख्या</td><td>फरक विद्यार्थी संख्या</td><td>दर</td><td>वढी निकासा</td></tr>
<tr><td>११</td><td>१३७</td><td>२२७</td><td>९०</td><td>२५०</td><td>२२५००</td></tr>
<tr><td>१२</td><td>११३</td><td>१९७</td><td>८४</td><td>२५०</td><td>२१०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>४३५००</td></tr>
</table></td><td>४३,५००</td></tr>
<tr><td>१८</td><td></td><td></td><td>स्वीकृत वजेट भन्दा वढी खर्चः<br>कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयन प्रक्रियाको १.१ मा स्थानीय तहवाट थप सिकाई सामाग्री विकास तथा छपाई र वितरण गर्न सकिने उल्लेख छ। यस क्रियाकलापका कार्यान्वयन गर्दा स्थानीय तहले ५० वटा सम्म विद्यालयको लागि रु. ३ लाख सम्म खर्च गर्न सक्ने व्यवस्था रहेको छ। पालिकावाट प्राप्त विवरण अनुसार कुल विद्यालयको संख्या ३९ रहेको छ । यस कार्यक्रम कार्यान्वयन प्रक्रिया अनुसार पालिकाले रु.३ लाख मात्र खर्च गर्न सकिने देखिएकोमा पालिकाले गो.भौ.न. १९३ मिति २०७८।३।१७ वाट पूर्व प्राथमिक देखि कक्षा ४ सम्मको लागि पाठ्यपुस्तक छपाई वापत रु.३८७५९० र गो.भौ.न.२११ मिति २०७८।३।२२ वाट स्वअध्ययन सामाग्री कक्षा ५-८ सम्मको लागि रु. ३१००७२।०० समेत गरी रु.६९७६६२ अनुदान निकासा दिएको पाईयो। कार्यक्रम कार्यान्वयन प्रक्रियामा भएको व्यवस्था भन्दा वढी अनुदान निकासा दिएको रकमले संघिय सरकारलाई थप व्ययभार परेको रु.</td><td>३९७,६६२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | ९२ | २०७७-११-२५ | **छात्रवृती निकासाः**<br>शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयवाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसंग सम्वन्धित कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं ७.२.१.१ (४.२) मा IEMIS मा प्रविष्ट तथ्यांकलाइ सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याकंसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति रकम कक्षा १-८ सम्मको छात्राहरु र दलित छात्राको लागी प्रति विद्यार्थी रु.४००।अनुदान निकासा दिने व्यस्था छ।पालिकाले IEMISमा प्रविष्टि गरिएको विद्यार्थी संख्या भन्दा वढी संख्या राखि अनुदान निकासा दिएको पाईयो।उक्त वढी अनुदान निकासा दिएको रकम सम्बन्धित विद्यालयवाट असूल गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु | २०५,६०० |

| गो.भौ.न.।मिति | IEMIS मा प्रविष्ट गरिएको विद्यार्थी संख्या | निकासा दिएको विद्यार्थी संख्या | दर | वढी निकासा |
|---|---|---|---|---|
| ९२।२०७७।११।२५ | १२०५ | १७१९ | ४०० | २०५६०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **मोविलमा बढी भुक्तानी**<br>गण्डकी प्रदेश सरकारले जारी गरेकोगाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को दफा ४ मा पदाधिकारीले सवारी साधन लिएकोमा ऐनको अनुसूचीमा उल्लिखित दर तथा परिमाणमा इन्धन तथा मोबिल खर्च पाउने व्यवस्था छ।उक्त अनुसूचीको सि.न. २ मा नगरपालिकाका निम्न वडाध्यक्षहरुलाई त्रैमासिक रुपमा १ लिटर मोविल उपलब्ध गराउनु पर्नेमा मासिक रुपमा १ लिटरका दरले भुक्तानी भएकोले प्रति व्यक्तिलाई ८ महिनाको रु.५६००।०० का दरले ९ जनाको जम्मा रु.५०४००।०० बढी भुक्तानी भएको रकम सम्वन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रु... | ५०,४०० |

| सि न | पद | नाम थर | वडा नं | भुक्तानी लिएको रकम वार्षिक |
|---|---|---|---|---|
| 1. | वडाध्यक्ष | दिपेन्द्र के.सी. | १ | ५६०० |
| 2. | वडाध्यक्ष | कमल त्रिपाठी | २ | ५६०० |
| 3. | वडाध्यक्ष | बाबुराम श्रेष्ठ | ३ | ५६०० |
| 4. | वडाध्यक्ष | चन्द्र बहादुर वस्नेत | ४ | ५६०० |
| 5. | वडाध्यक्ष | याम प्रसाद अधिकारी | ५ | ५६०० |
| 6. | वडाध्यक्ष | लक्ष्मण खत्री क्षेत्री | ६ | ५६०० |
| 7. | वडाध्यक्ष | शेषकान्त अर्याल | ७ | ५६०० |
| 8. | वडाध्यक्ष | तन बहादुर गुरुङ | ८ | ५६०० |
| 9. | वडाध्यक्ष | भीम बहादुर गुरुङ | ९ | ५६०० |
| | | जम्मा | | ५०४०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **पारिश्रमिक कर**<br>आयकर ऐन, २०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त हुने आयको गणना गर्दा कर प्रयोजनको लागि नगदमा आधारमा लेखाङ्कन गर्नुपर्ने र दफा २३ मा कुनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही रोजगारी वा लगानीबाट भएको आयको गणनाको लेखाङ्कन नगदका आधारमा गर्दा निजले भुक्तानी प्राप्त गर्दा वा निजलाई सो भुक्तानी उपलब्ध हुदाँको अवस्थामा मात्र निजको आय गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निम्न पदाधिकारीलाई २०७७।७८ को दशै खर्च समेत गरी १३ महिनाको सुविधा बापत भुक्तानी भएको रकममा का कर कट्टी गरी भुक्तानी दिएकोमा रू.४ लाख ५० हजार सम्म १ प्रतिशत कर लाग्नेमा सो मा लाग्ने १ प्रतिशत र सो भन्दा माथिको रू.१ लाख सम्ममा १० प्रतिशत र सो भन्दा माथि रू.२ लाख सम्म मा २० प्रतिशत र सो भन्दा माथि २० लाखसम्म ३० प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा १ प्रतिशतले हुने कर कट्टा गरी बाँकी आयमा कर कट्टा नगरी भुक्तानी गरेकोले उक्त रकम असुल गर्नुपर्ने रु... | ११,७५२ |

| पद | नाम थर | गत आ व को भुक्तानी | यस वर्षको आय | जम्मा आय | करयोग्य आय | तिर्नुपर्ने कर | तिरेको कर | नपुग कर |
|---|---|---|---|---|---|---|---|---|
| नगर प्रमुख | छाँयाराम खनाल | ०.०० | ५१६००० | ५१६००० | ५१६००० | ११११०० | ५२६५ | ५८३५ |
| नगर उप प्रमुख | सीमा के.सी. कर्माचार्य | ६८७३७ | ४५०००० | ५१५७३७ | ५१५७३७ | ११०७३ | ११५७ | ५९१७ |
| | जम्मा | ६८७३७ | ९६६००० | १०३१७३७ | १०३१७३७ | २२१७३ | ६४२२ | ११७५२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई वेरुजू नमानिने व्यवस्था गरेको छ।पालिकाको आर्थिक बर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसारका निर्माण व्यवसायी व्यक्तिसंस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु. | ६०,००० |

| गो. भौ. न. | पेश्की लिने व्यक्ति/फर्म/कम्पनी | प्रयोजन | म्याद ननाघेको | म्याद नाघेको |
|---|---|---|---|---|
| ८१ | भुरुनडाँडा टंकी निर्माण उ.स. | भरुनडाँडा टंकी निर्माण | | ३०००० |
| १५४ | खादीखोला सिँचाई कुलो निर्माण उ.स. | खाँदीखोला सिंचाई | | ३०००० |
| | जम्मा | | | ६०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **प्रदेश लोकसेवा आयोगको परामर्श वेगर तह वृद्धि**<br>नेपालको संविधान, २०७२ धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कार्यालय तथा कर्मचारी सम्वन्धी अन्य व्यवस्था प्रदेश कानुन वमोजिम हुने व्यवस्था रहेको छ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, कर्मचारी नियुक्ती, सेवा र शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन वमोजिम हुने उल्लेख रहेको छ।उपदफा २ मा उपदफा १ वमोजिमको सिद्धान्त र मापदण्डका अधिनमा रही स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्वन्धी अन्य ब्यवस्था स्थानीय तहले वनाएको कानुन वमोजिम हुने व्यवस्था रहेको छ। दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलव स्केल प्रदेश सरकारले तोके वमोजिम हुने व्यवस्था रहेको र प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेवमोजिम हुने व्यवस्था रहेको छ।प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ को दफा १०(२) मा आयोगको परामर्श लिनुपर्ने विषयवस्तुको वारेमा व्यवस्था रहेको छ।गण्डकी प्रदेशको प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ९ मा स्थानीय सरकारी सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परिक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुने तथा स्थानीय सरकारी सेवाको पदका कर्मचारीको सेवा शर्त सम्वन्धी कानुनको विषयमा, स्थानीय सरकारी सेवाको पदमा नियुक्ती, वढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा र स्थानीय सरकारी सेवाको कर्मचारीलाई दिइने विभागीय कारवाहीका सम्वन्धमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनुपर्ने र दफा ४३ मा आयोगको परामर्श लिनुपर्ने विषयमा आयोगको परामर्श नलिई कुनै काम कारवाही गरेमा आयोगले त्यस्ता काम बदर गर्न सक्ने व्यवस्था रहेको छ।पालिकाले २०७८ असार ११ गते भीरकोट नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरुको बढुवा तथा स्तरवृद्धि गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन,२०७८ पारित गरी जम्मा ७ जनाको स्तरवृद्धि भएको उक्त ऐन २०७८श्रावण १ मा स्थानीय राजपत्रमा प्रकाशित गरी लागू गरेको छ।यसरी संविधान तथा कानुनमा भएको व्यवस्था अनुसार स्थानीय सेवा ऐनको तर्जुमा गरी प्रदेश लोक सेवा आयोगको परामर्श पश्चात मात्र स्थानीय सेवाको कर्मचारीको सेवा सर्त सुविधामा निर्णय गर्नुपर्नेमा सो नगरी दीर्घकालिन आर्थिक दायित्व सिर्जना गर्ने निर्णय गर्नु उपर्युक्त देखिदैन।पालिकाले कानुन विपरित निर्णय गर्ने प्रवृतिमा नियन्त्रण गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **मर्मत कार्यको लागत अनुमान**<br>सार्वजनिक खरिद ऐन¸२०६३ को दफा ५ मा निर्माण कार्यको बाहेक एक लाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएको एंव नियमावली¸ २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामानको मर्मतसंभारको लागत अनुमान तयार गर्दा सो निकायमा सोसंग दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट त्यस्तो कर्माचारी नभए त्यस्तो काम गर्ने व्यक्ति फर्म वा कम्पनीबाट लागत अनुमान तयार गर्न लगाउने व्यवस्था भएकोमा पालिकाले कार्यालयका सवारी साधन मर्मतमा विभिन्न पार्टीसंग वर्षभरीमा रु.48 लाख खर्च भएको छ।नमुना छनौटको आधारमा परीक्षण गर्दा एउटै पार्टीसंग लागत अनुमान समेत नगरी रु.५ लाख भन्दा बढीको मर्मत गरेको पाइयो।पालिकाले सवारी साधन तथा मेशिनरी औजारहरुको मर्मत संभार गर्दा ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान स्वीकृत गरेको पाइएन।पालिकाले लागत अनुमान स्वीकृत गराएर मात्र खर्च गर्नुपर्दछ। | |
| २५ | | | **पेश्की समायोजन**<br>नगरपालिका चालु शिर्षकमा ७१२ वटा भौचरबाट जम्मा रु.१० करोड ६१ लाख ७६ हजार खर्च भएको छ।नगदमा आधारित लेखा प्रणालीमा सामान्यतया कूल डेविट वरावर कूल क्रेडिट तथा पेश्की दिएकोबाट फछ्यौट घटाए पश्चात बाँकी पेश्की हुनुपर्नेमा पालिकाले विभिन्न व्यक्ति तथा संस्थालाई चालु आ.व. मा दिएको पेश्की रु.२६ लाख ८१ हजार रहेकोमा फछ्यौट रु.२७ लाख ३१ हजार रहेको छ।दिएको भन्दा फछ्यौट रु.५० हजार बढी भएकोले यस सम्वन्धमा पालिकाले यथार्थ एकिन गरी प्रमाण पेश गर्नुपर्दछ। | |
| २६ | | | **लागत अनुमान नभएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा ५ लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान दररेट माग गरी सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार रु.२० लाख रुपैयासम्म लागत अनुमान भएको मालसामान सिलवन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस आ.व. मा कार्यालय संचालनको लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार विभिन्न आपूर्तकबाट जम्मा रु.५० लाख ५५ हजारको मालसामान खरिद गरेकोमा पालिकाले बोलपत्रको माध्यमबाट नगरी सोझै खरिद गरेको पाइयो।पालिकाले खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **आंगिक क्याम्पसलाई सहायता**<br>पालिकाभित्र संचालित दहथुम बहुमुखी क्याम्पसलाई कार्यपालिकाले निर्णय गरी शिक्षकहरुको तलव भत्ता भुक्तानीको लागि रु.४ लाख सहायता रकम उपलब्ध गराएको पाइयो।आंगिक क्याम्पसमा क्याम्पस व्यवस्थापनको लागि सम्वन्धित निकायबाट रकम विनियोजन भई निकासा हुने हुँदा पालिकाबाट क्याम्पसको आर्थिक स्थिति कमजोर भएको भनी माग गरेको आधारमा वर्षेनी रकम खर्च भएको पाइयो।यसरी दिएको रकम कुन शिर्षकमा कसरी खर्च भएको सो समेत एकिन गर्न नसकिने हुदाँ पालिकाले यस्ता प्रकृतिका सहायता दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ। | |
| २८ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलव**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ।पालिकाले स्वीकृत दरबन्दी वेगर पालिकावाट तलव भत्ता खाने गरी शुन्य एवं दरवन्दि पदपूर्ति नभएका पालिकभित्रका ३मर्दशालाई प्रति विद्यालय रु.२६००००।०० का दरले वार्षिक रु.७८००००।०० निकासा दिई खर्च लेखेको पाइयो।पालिकाले पालिकाभित्र आवश्यक शिक्षक दरवन्दी स्वीकृत र मिलान गराई स्वीकृत दरवन्दीभित्रका शिक्षकहरुको मात्र तलव निकासा दिनुपर्नेमा पालिकाले ऐन तथा नियमावलीमा भएको व्यवस्थाको समेत पालना नगरी निर्णय गरी यसरी भुक्तानी गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ। | |
| २९ | | | **बसपार्कको लागि जग्गा भाडा**<br>सार्बजनिक निकायले सार्वजनिक श्रोतको उपयोग गर्दा मितव्ययी र अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा नगरपालिकाले वसपार्क सञ्चालन गर्ने प्रयोजनको लागि विभिन्न १२ जना व्यक्तीको जग्गा प्रति रोपनी वार्षिक रु.१७०४५।०० का दरले भाडामा लिई वार्षिक रु.२६२९२८ खर्च लेखेको छ। नगरपालिकाको उद्देश्य नगरपालिका क्षेत्रभित्र यातयात सञ्चालनलाई व्यवस्थित गरी यातयात आवतजावतमा सहजता ल्याउने भएता पनि पुर्व सम्भावयता अध्ययन विना नै वसपार्कको स्थान छनौट भएकोले नगरक्षेत्रमा उक्त जग्गाको उपयोग वसपार्कको लागि भएको पाइएन।नगरपालिकाले यस प्रकारका कार्य गर्दा पुर्व सम्भाव्यता अध्ययन गरी सवैलाई पायक पर्ने स्थानमा वसपार्क वनाउने स्थानको छनौट नगरी जग्गा भाडामा लिई खर्च लेखेको रकम वरावरले पालिकालाई थप व्ययभार परेको देखिन्छ।पालिकाले प्रयोग विहिन रहेको जग्गाको संझौता रद्ध गरी यस्तो प्रकृतिका खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **रित पूर्वकको कर विजक**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद तथा भुक्तानी गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले छ्याङछ्याङदी मन्दिर पूर्वाधार निर्माण कार्यको लागि बि एण्ड बि कन्स्ट्रक्सन प्रा लि संग संझौता गरी भएको कार्यको निम्न रनिङ तथा अन्तिम बील भुक्तानी गर्दा निर्माण व्यवसायीले पेश गरेको कर विजक केरमेट भएकोले उक्त वीलबाट भुक्तानी भएको रु.३०५९४३३।०० को मू.अ.कर रु.३५१९७०।०० को सम्वन्धित आन्तरिक राजश्व कार्यालयबाट जारी भएको कर समायोजन पत्र पेश गर्नुपर्ने रु... | ३५१,९७० |
| ३१ | | | **जग्गा खरिद**<br>जग्गा प्राप्ति ऐन, २०३४ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन २०७५(२०७५।११।१९) को दफा ३ (क) मा स्थानीय तहद्धारा संचालन गरिने परियोजनाको लागि जग्गा आवश्यक पर्ने भएमा सम्वन्धित स्थानीय तहले यस ऐन बमोजिमको मुआव्जा अन्य सबै खर्च व्यहोर्ने गरी जग्गा प्राप्त गराई दिन नेपाल सरकारसंग अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा स्थानीय तहलाई प्राप्त गराई दिने गरी निर्णय गर्न सक्ने व्यवस्था छ। पालिकाले नगरपालिकाको प्रशासकीय भवन प्रयोजनको कार्यको लागि निःसर्गकर्ता गोविन्द कुमार कर्माचार्यको नाममा मालपोत कार्यालय स्याङजामा श्रेस्ता कायम रहेको साविक दहथुम वडा नं २ कि नं १२६० को ० रोपनी ६ आना २ पैसा ० दाम (०-६-२-०) जग्गाको कूल थैली अंक रु.२२ लाख ६१ कायम गरी रं नं ७०० मिति २०७७।९।८ मा खरिद भएको पाइयो।पालिकाले जग्गा खरिद गर्ने सम्वन्धमा नेपाल सरकार समक्ष अनुरोध नगरी कार्यपालिकाबाट निर्णय गरी सोझै खरिद गरको पाइयो।यसरी ऐनको विपरीत निर्णय गरी भएको खरिद नियमसंमत मान्न सकिएन। | |

| सि न | गो भौ न र मिति | वील | भुक्तानी भएको रकम |
|---|---|---|---|
| १ | ६७।२०७७।१०।११ | तेस्रो रनिङ बील | १०७४४३१ |
| २ | - २०७८।१।१९ | अन्तिम वील | १९८५००२ |
| | जम्मा | | ३०५९४३३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३२ | | | **विविध खाना खाजा खर्च**<br>नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम सम्वन्धी मापदण्ड, २०७७ को दफा ३ मा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय सामान, मसलन्द, पानी, बिजुली, इन्धन, विविध खर्च लगाएतका शिर्षकमा खर्च गर्दा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था भएकोमा छ।नगरपालिकाले चालु आ.व. खाना तथा विविधमा रु.१८ लाख १८ हजार खर्च गरेको छ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | 602 | २०७८-३-१० | **बील भरपाई वेगरको खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपार्इ, प्रमाण कागजात, संलग्न गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले बालवालिकाको हक हितको संरक्षण तथा सम्वर्धन गर्ने उदेश्यबाट वालमैत्री अभियान कार्यक्रम संचालन गरेकोमा खर्चका बील भरपाईको परीक्षण गर्दा निम्न शिर्षकमा कूल रु.२८८०५३६।०० भएकोमा कार्यक्रमको लागि पेश्की लिई फछ्यौट गर्ने शिक्षा अधिकृत नविन थापालाई जम्मा रु.२९००१९६।०० भुक्तानी दिएकोले बील भन्दा बढी भुक्तानी दिएको रु.१९६६१।०० भुक्तानी लिनेबाट असूल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु... | १९,६६१ |

| सि न | खर्चको विवरण | भुक्तानी भएको रकम |
|---|---|---|
| १ | पानी तथा अन्य | २४००० |
| २ | होटलमा खाना खाजा | ५६२८५५ |
| ३ | पत्रकार तथा साउण्ड सिस्टम | १६४६५५ |
| ४ | स्टेशनरी | १११५०२ |
| ५ | छपाई | १२६६४४४ |
| ६ | प्रशिक्षण अनुगमन | १७१२४० |
| ७ | गाडीभाडा | ४६८०३० |
| ८ | अन्य | १११८१० |
|  | जम्मा | २८८०५३६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>
वढी निकासाः<br>
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयवाट प्राप्त माग फारम दरवन्दी विवरण र चौमासिक निकासा भएको मध्ये केहीको नमुना परीक्षण गर्दा देहाय वमोजिमको विद्यालयहरुवाट माग भन्दा वढी निकासा भएको पाईयो। माग फारम र दरवन्दी भन्दा वढी निकासा भएको उक्त रकम विद्यालयवाट फिर्ता प्राप्त गरी संघिय संचितकोषमा फिर्ता गर्नुपर्दछ रु
<table>
<tr><th>गो.भौ.न.।मिति</th><th>विद्यालयको नाम</th><th>माग</th><th>निकासा</th><th>वढी निकासा</th><th>कैफियत</th></tr>
<tr><td rowspan="5">११।२०७७।६।२५</td><td>महेन्द्रज्योति मा.वि.</td><td>१९११७१२</td><td>१९३१८८०</td><td>२०१६८</td><td rowspan="5">प्रथम चौमासिक</td></tr>
<tr><td>राजेन्द्र भवानी मा.वि.</td><td>२८२३७०३</td><td>२८३६६६३</td><td>१२९६०</td></tr>
<tr><td>शहिद शुक्र मा.वि.</td><td>३०९१७८६</td><td>३१३३९३०</td><td>४२१४४</td></tr>
<tr><td>पब्लिक एकेडेमी मा.वि.</td><td>२५८७७७८</td><td>२६०३००६</td><td>१५२२८</td></tr>
<tr><td>सिरुखर्क जोगि स्थान मा.वि.</td><td>१८४५५८९</td><td>१९६५३७७</td><td>११९५१८</td></tr>
<tr><td>७१।२०७७।१०।३०</td><td>पिपलडाँडा मा.वि.</td><td>१५२९४७२</td><td>१५६५६०८</td><td>३६१३६</td><td>दोस्रो चौमासिक</td></tr>
<tr><td rowspan="2">१३४।२०७८।१।२६</td><td>पिपलडाँडा मा.वि.</td><td>१७९६७१३</td><td>१८००९७९</td><td>४२६६</td><td rowspan="2">तेस्रो चौमासिक</td></tr>
<tr><td>पब्लिक एकेडेमी मा.वि.</td><td>२१५६७९३</td><td>२१५७९६०</td><td>११६७</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२५१५८७</td><td></td></tr>
</table>
</td><td>२५१,५८७</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>पाठ्यपुस्तक अनुदानः</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान उपलव्ध गराउदा विद्यार्थी संख्या र पाठ्यपुस्तको दरको आधारमा शुरुवातमा ७५ प्रतिशत तथा भर्ना पश्चात विद्यार्थी संख्या एकिन गरी नपुग २५ प्रतिशत पाठ्यपुस्तक अनुदान उपलव्ध गराउने व्यवस्था भएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं ३९५ मिति २०७८।०२।२५ को पत्रानुसार आ.व. २०७७।७८ को शैक्षिक सत्र २०७८ अषाढ १ गते देखि मात्र प्रारम्भ हुने र त्यसपछी भर्ना भएका विद्यार्थीको विवरण पाठ्यपुस्तक खरिद र वितरणको अवस्था यकिन गरी नपुग हुने अनुदान रकम निकासाको प्रक्रिया अगाडी वढाँउदा चालु आ.व समाप्त हुने भएकोले विद्यालयमा विद्यार्थी भर्ना भई संख्या एकिन हुन नसकेमा शैक्षिक सत्र २०७७ को भर्ना संख्यालाई आधार मानि निशुल्क पाठ्यपुस्तक वापतको सत प्रतिशत अनुदान विद्यालयमा निकासा दिने परिपत्र भएकोमा पालिकाले गो.भौ.न ९२ मिति २०७७।११।२५ वाट ७५% अनुदान वापत रु. १५११५०८९।०० र गो.भौ.न. २१३ मिति २०७८।३।२३ वाट थप नपुग पाठ्यपुस्तक अनुदान रु. ५४९८१० समेत गरी रु.२०६४८९९।०० निकासा दिएको पाईयो। अनुदान निकासा दिँदा ऐच्छिक विषय अनुसार विद्यार्थी संख्या यकिन नगरी निकासा दिइएको पाईयो। ऐच्छिक विषयको हकमा पालिकावाट विषयगत विद्यार्थी विवरण उपलब्ध नभएको हुँदा यस सम्बन्धमा यकिन गर्न सकिएन। पालिकाले ऐच्छिक विषय अनुसारको विद्यार्थी संख्या यकिन गरी वढी अनुदान निकासा भएको भए सम्बन्धित विद्यालयवाट असूल गरी संघिय संचितकोष दाखिला गर्नुपर्दछ। | |

| कक्षा | IEMIS अनुसार विद्यार्थीसंख्या | पाठ्यपुस्तक दर | जम्मा रकम |
|---|---|---|---|
| १ | ३६२ | ५१८ | १८७५१६ |
| २ | ३०१ | ५५६ | १६७३५६ |
| ३ | २८७ | ५८० | १६६४६० |
| ४ | २९० | ३६९ | १०७०१० |
| ५ | ३२५ | ४०८ | १३२६०० |
| ६ | २९६ | ६९७ | २०६३१२ |
| ७ | ३३५ | ८७२ | २९२१२० |
| ८ | ३५९ | ८९७ | ३२२०२३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९</td><td>४०२</td><td>४८५</td><td>१९४९७०</td></tr>
<tr><td>१०</td><td>३५८</td><td>४९५</td><td>१७७२१०</td></tr>
<tr><td colspan="3">निकासा गर्नुपर्ने रकम (१००%)</td><td>१९५३५७७</td></tr>
<tr><td colspan="3">निकासा दिएको रकम (७५%)</td><td>१५१५०८९</td></tr>
<tr><td colspan="3">थप निकासा (२५%)</td><td>५४९८१०</td></tr>
<tr><td colspan="3">कुल निकासा</td><td>२०६४८९९</td></tr>
<tr><td colspan="3">फरक परको रकम</td><td>१११३२२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>
दिवा खाजा अनुदानः<br>
कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि प्रतिविद्यार्थी रु.१५ का दरले विद्यालय संचालन भएको दिनलाई आधार मानी विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिती अध्यक्षवाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संस्था यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था रहेको छ।विद्यालय वन्द नरहेको अवस्थामा ३६५ दिन वरावर १८० दिन दिवा खाजा अनुदान दिने व्यवस्था छ। पालिकावाट उपलब्ध विवरण अनुसार कोभिड १९ को कारण विद्यालय १०२ दिन मात्र संचालनमा रहेको पाईयो। पालिकाले १०२ दिन विद्यालय संचालन भएको अवस्थामा १२० दिन राखी अनुदान निकासा दिएको पाईयो। उक्त वढी अनुदान निकासा दिएको रकम सम्बन्धित विद्यालयवाट असुल गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको संख्या</th><th>विद्यार्थी संख्या</th><th>विद्यालय खुलेको दिन</th><th>दर</th><th>निकासा हुनुपर्ने रकम</th><th>निकासा भएको रकम</th><th>वढी निकासा</th></tr>
<tr><td>४२</td><td>१९१७</td><td>१०२</td><td>१५</td><td>२९३३०१०</td><td>३४५०६००</td><td>५१७५९०</td></tr>
</table>
</td><td>५१७,५९०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **पारिश्रमिक करः**<br>आयकर ऐन, २०५८ को दफा ८ मा रोजगारीवाट भएको आयको गणनामा प्राकृतिक व्यक्तिलाई एक आर्थिक वर्षमा पारिश्रमिक लगायतका अन्य सुविधा भुक्तानी गर्दा आयको गणना गरी दफा ८७ अनुसार रोजगारदातावाट कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले कर्मचारीको वार्षिक पारिश्रमिक भुक्तानीमा कम कर कट्टी गरेको देखिएको असूल गरी राजश्व दाखिला गर्नुपर्ने रु. | ४२,३६१ |

| नाम | वार्षिक आय | कुल कट्टी | करयोग्य आय | तिनुपर्ने कर | तिरेको कर | वाँकी कर |
|---|---|---|---|---|---|---|
| नारायणबन्धु अर्याल | ६९७९३८ | १९४९०४ | ५०३०३४ | ९८०३ | ४५०० | ५३०३ |
| कुमार राना | ६५२०९८ | १२०७२३ | ५३१३६६ | १२६३७ | ४५०० | ८१३७ |
| दिल बहादुर सार्की | ६८०८९८ | १८३०८४ | ४९७८१४ | ९२८१ | ४५०० | ४७८१ |
| जगदिश खनाल | ६१८०१८ | ११२१४० | ५०५८७८ | १००८८ | ४५०० | ५५८८ |
| नानुमाया काफ्ले | ५७२७२० | ९९८४० | ४७२८८० | ६७८८ | ४५०० | २२८८ |
| युक्त नारायण अर्याल | ७०३२१८ | १२१८९६ | ५८१३२२ | २०७६४ | ४५०० | १६२६४ |
| जम्मा | | | | | | ४२३६१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **औषधि व्यवस्थापनः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २० लाख रुपैयाँ सम्मको औषधि जन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा ५ लाख भन्दा वढीको खरिद गर्दा शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेखछ। पालिकाले यस आर्थिक वर्षमा शर्शत अनुदानवाट रु. १२ लाखको औषधी खरिद गरेको छ।यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः<br>· आपूर्ति हुने औषधि डव्लु. एच. ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको कारण संझौतामा औषधीको अवधि कम्तीमा १८ महिनाको हुनुपर्ने भनि उल्लेख भएअनुसार औषधी प्राप्त भए नभएको एकिन नभएको,<br>· आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको,<br>· औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>· पालिका द्धारा निशुल्क स्वास्थ्य कार्यक्रम भनि लोगो राखेको हुनुपर्ने उल्लेख गरेकोमा उक्त लोगो भएको छ भन्ने प्रमाण संलग्न नरहेको,<br>· म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको,<br>· पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको,<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ। | |
| ३९ | २८२ | २०७८-३-२३ | **प्रोभिजनल समको रकम वढी भुक्तानीः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को निमय ३९ मा कुनै रकम भुक्तानी दिँदा रित पुग वा नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले वडा नं ५ को स्वास्थ्य केन्द्रको भवन निर्माण कार्यको विल भुक्तानी गर्दा प्रोभिजनल समको रकम रु. ५००००।०० भुक्तानी गरेकोमा निर्माण व्यवसायी रुप निर्माण सेवाले प्रोभिजनल समको विल रु. २५०८७।०० मात्र पेश गरेको पाईयो। पेश गरेको विल भन्दा वढी भुक्तानी दिएको रकम सम्बन्धित निर्माण व्यवसायीवाट असूल गर्नुपर्ने रु. | २४,९१३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **कार्यविधिको पालना नभएकोः**<br>संघिय सरकारको शशर्त कार्यक्रम संचालन समष्टिगत मार्गदर्शन २०७७।७८ मा स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीका लागि संक्रमण रोकथाम तथा स्वास्थ्य संस्थाजन्य फोहोर मैला व्यवस्थापन तालिम संचालन प्रक्रियामा यस कार्यक्रम संचालनका लागि आवश्यक सामाग्री अनूसुचि ५ मा भए अनुसार स्थानीय श्रोत साधन र वजेटवाट उपलब्ध गर्नुपर्ने व्यवस्था छ। अनुसूची ५ मा संक्रमण नियन्त्रण तथा स्वास्थ्यजन्य फोहोर व्यवस्थापन लागि चाहिने सामाग्रीहरु अटोक्लेभ, ट्रली, बाल्टिनहरु लगायतका सामाग्री स्थानीय तहवाट व्यवस्थापन गर्नुपर्नेमा संघिय सरकारवाट आएको वजेटवाट व्यवस्थापन गरेको पाईयो। पालिकाले कार्यविधिमा भएको व्यवस्था पालना गरी संघिय सरकारलाई फिर्ता गर्नुपर्ने रु. | २६९,२४४ |
| ४१ | | | **एज विल्ड ड्रइङ्गः**<br>सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२५ (१) अनुसार खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एजबिल्ट) नक्शा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख।वडा नं ५ को स्वासथ्य कार्यालय भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी रुप निर्माण सेवा बिच भएको सम्झौता (SCC) मा अन्तिम बिल भुक्तानी गर्दा As Built Drawingपेश नगरेमा रु १०००००।– Withheld राख्नुपर्ने उल्लेख भएकोमा निर्माण व्यवसायीले As Built Drawing पेश नगरेकोमा सम्झौता अनुसारको रकम रोक्का राखेको नदेखिएकोले As Built Drawing पेश गर्नुपर्ने अन्यथा उक्त रकम असूल गर्नुपर्ने रु. | १००,००० |
| ४२ | | | **कृषि तथा पशुमा अनुदानः**<br>पालिकाले संघिय सरकारवाट हस्तान्तरित चालु कार्यक्रमवाट देहायवमोजिम कृषि तथा पशु अनुदान उपलव्ध गराएको छ। | |

| सि नं | भौचर नं | विवरण | रकम |
|---|---|---|---|
| १. | २४५ | ५०% अनुदानमा धान पकेट संचालक समिति | २७०००० |
| २. | २१७ | बंगुरको साना व्यवसायिक कृषि पकेट कार्यक्रम | १९६४२० |
| ३. | २१९ | ५०% अनुदानमा बराहदेवी सुन्तला पकेट संचालक समिति | २७०००० |
| ४. | २४४ | पकान कृषि समूहलाई अनुदान | ४५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · पालिकाले ५०% अनुदानमा धान पकेट संचालक समितिलाई समितिले पेश गरेको विलको आधारमा रू. १३५३००।०० अनुदान दिएको पाईयो। सो युएस ३१२ धानको मूल्य प्रति के.जि. रु. ५५० नै पर्ने हो वा होईन यस सम्बन्धमा पालिकाले यकिन गरेको छैन।<br>· अनुदान दिएका कृषकको अनुमान गरी उत्पादन र उत्पादकत्व सम्बन्धमा लिखित प्रतिवेदन तयार गरेको छैन।<br>· विभिन्न कार्यविधिहरुमा एक पटक कुनै तहवाट अनुदान लिएकाको हकमा २।३ वर्षसम्म कुनै पनि तहका सरकारले अनुदान नदिने उल्लेख भएकोमा सो को विवरण देखिने गरी कागजात रहेको देखिदैन।<br>· केहि मापदण्ड तथा पुराना कार्यविधिमा अनुदान ग्राहिले कम्तिमा १० वर्षसम्म अविच्छिन्न रुपमा प्रस्ताव वमोजिमको कार्यगर्नुपर्ने उल्लेख भएकोमा सो को परिपालनाको लागि संयन्त्र विकास गरेको छैन। जसले गर्दा अनुदान लिने र अवधि सकिएपछि काम छाड्ने प्रवृति देखिएकोले यसमा नियन्त्रण गर्ने गरी क्रियाकलाप संचालन गर्नुपर्ने देखिन्छ।<br>· अनुदानग्राहीले ३ वटै सरकारवाट अनुदान लिए नलिएको सुनिश्चित गरेको छैन।<br>· कृषि तथा पशुपालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि विमा तथा पशु विमामा अनुदानका कार्यक्रम संचालन गर्दे आइरहेको छ।पालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेर मात्र अनुदान दिने निति तय गर्नुपर्नेमा विमा गर्ने गराउने तर्फ पालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र संचालन गरेको देखिन्छ। एक सरकारले ल्याएको नितीलाई अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।<br>· सरकारी अनुदान रकमको वितरण सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिकरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास मार्फत उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्बन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरीमात्र वितरण गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **दररेट फरक परेको:**<br>पालिकाले निर्माण कार्यको दररेट निर्धारण गर्दा स्वीकृत नर्म्स वा तोकिएको दररेटको आधारमा प्रति इकाई लागत निर्धारण गर्नुपर्दछ।पालिकामा नेपाल सरकार सशर्त अनुदान तर्फको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको विपन्न श्रमिकको दैनिक ज्याला प्रतिदिन रु.५१७।०० निर्धारण गरी स्थानीय तहमा वजेट निकासा भएको छ।प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रमुख ध्ययेे श्रममुलक कार्यमा मात्र खर्च गर्ने र सुचिकृत गरिव वेरोजगारलाई रोजगार प्रदान गर्ने भएको हुँदा सामाग्री खरिद गरी खर्च लेख्ने व्यवस्था रहेको छैन।नमुना छनौट गरी स्रेस्ता परीक्षण गर्दा पालिकाले तल उल्लिखित योजनामा स्वीकृत जिल्लादररेट अनुसारका सामाग्रीहरु खरिद गरी दर विश्लेषण गरिएको पाईयो र उक्त दर विश्लेषण अनुसार नै रकम भुक्तानी दिएको पाईयो।कार्यक्रमको उद्वेश्य विपरित दरविश्लेण गरी खर्च लेखिएको रकमले थप व्ययभार पारेको रु. | २८,९९१ |

| योजनाको नाम | विवरण | हुनुपर्ने दर | भएको दर | फरक दर | घ.मी. | रकम |
|---|---|---|---|---|---|---|
| लामोबाँध छाङ्छाङ्दी वल्लोपल्लो कुलो निर्माण | Stone masonary work | ३३६० | ८४७३ | ५११३ | ५.६७ | २८९९१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा नगर सरसफाई, नाली खन्ने, पहिरो सफा गर्ने, ग्याविन जाली भर्ने तथा बाटो निर्माण काम लगायतका १६ निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष १६२ जनालाई रोजगारी उपलव्ध गराई रु.८३ लाख ५० हजार खर्चगरेकोछ। लक्षित वर्गलाई ८८ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **स्वीकृत दरवन्दी वेगरको करार सेवा**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा अन्य रुपमा कर्मचारीहरु राखी तलव भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरीत भई भुक्तानी गर्ने पदाधिकारीबाट असूल उपर गर्नुपर्ने साथै नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्वन्धी मापदण्ड, २०७७ को दफा ४ (२) मा सार्वजनिक निकायले स्वीकृत दरवन्दी भित्रको कार्यालय सहयोगी र सवारी चालक पदमा बाहेक ज्यालादारी वा करारमा थप आर्थिक दायित्व सिर्जना हुने गरी नयाँ नियुक्ती गर्न नपाइने व्यवस्था गरेको छ।पालिकाले उल्लिखित मापदण्ड तथा मन्त्रालयबाट जारी भएको उपरोक्त कार्यविधिमा उल्लिखित विपरीतको सहायक कम्प्यूटर पदमा जम्मा ९ जनालाई मासिक रु.१९९५३०।०० का दरले दशै खर्च समेत १३ महिनाको जम्मा रु.२५९३८९०।०० भुक्तानी भएको रकम अनियमित देखिएको रु.. | २,५९३,८९० |
| ४६ | | | **पोशाक खर्च**<br>नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४।०१।२१ को निर्णयनुसार सवै निकायमा एकरुपता कायम हुने गरी स्वीकृत दरवन्दीभित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष ०७४।७५ बाट लागू हुने गरी सालवसाली रुपमा एक (१) पटक चैत्र महिनामा पोशाक भत्ता निजामति कर्मचारीले सरह उपलब्ध गराउने सम्वन्धमा नेपाल सरकार सामान्य प्रशासन मन्त्रालयले मिति २०७४।०१।२५ गते परिपत्र गरेकोमा नगरपालिकाले निम्न ९ जना व्यक्तिहरुलाई स्वीकृत दरवन्दी वेगर करार सेवामा लिई निर्णय विपरीत पोशाक खर्च भुक्तानी असुल गर्नुपर्ने रु | ८९,१०० |

| सि न | पद | नाम | पोशाक खर्च |
|---|---|---|---|
| 1. | सहायक कम्प्यूटर अपरेटर | सुस्मिता खाँड | ९९०० |
| 2. | सहायक कम्प्यूटर अपरेटर | सिद्धिका के सी | ९९०० |
| 3. | सहायक कम्प्यूटर अपरेटर | कमला गाहा | ९९०० |
| 4. | सहायक कम्प्यूटर अपरेटर | विक्रम त्रिपाठी | ९९०० |
| 5. | सहायक कम्प्यूटर अपरेटर | यामप्रसाद अधिकारी | ९९०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | 6. | सहायक कम्प्यूटर अपरेटर | दुर्गा बहादुर अधिकारी | ९९०० | | |
| | | | | 7. | सहायक कम्प्यूटर अपरेटर | रिम बहादुर गोदार | ९९०० | | |
| | | | | 8. | सहायक कम्प्यूटर अपरेटर | करुणा खनाल | ९९०० | | |
| | | | | 9. | सहायक कम्प्यूटर अपरेटर | सागर पौडेल | ९९०० | | |
| | | | | | जम्मा | | ८९१०० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>लागत अनुमान नभएको<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख भन्दा बढी रकमको परामर्श सेवाको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने तथा खरिद नियमावली ,२०६४ को नियम ९ को अधिनमा रही नियम १२ बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले निम्न परामर्शदाताहरुसंग रु ५ लाख सम्मको सोझै सो भन्दा माथिको आर.एफ.पी. माग गरी क्यू.सि.वि.एस. विधिबाट मूल्यांकन गरी खरिद संझौता गरी कार्य गरेकोमा पालिकाले सो कार्यको लागत अनुमान नै तयार नगरी परामर्श सेवाबाट काम गरेको पाइयो।लेखापरीक्षणको क्रममा भएको कार्यको प्रतिवेदन माग भएकोमा सो समेत उपलब्ध नभएकोले संझौता बमोजिम कार्य भए नभएको सम्वन्धमा एकिन हुन सकिएन।यसरी ऐन तथा नियमावली विपरीत लागत अनुमान नै नगरी संझौता गरी भुक्तानी भएको अनियमित देखिएको रु...
<table>
<tr><th>सि न</th><th>योजनाको नाम</th><th>परामर्शदाताको नाम</th><th>संझौता रकम</th><th>भुक्तानी भएको रकम</th></tr>
<tr><td>१</td><td>आँधीखोला नदीको विभिन्न स्थानको आई ई ई प्रतिवेदन तयारी</td><td>ऋभु कन्स्ट्रक्सन प्रा लि</td><td>४९१५५०</td><td>४९१५५०</td></tr>
<tr><td>२</td><td>औद्योगिक ग्रामको पूर्व सम्भाव्यता अध्ययन</td><td>डिटेल इन्जिनियरिङ कन्सल्टेन्ट प्रा लि</td><td>४९८३३०</td><td>४९८३३०</td></tr>
<tr><td>३</td><td>नगरपालिकाको डिजिटल प्रोफाइल तयारी गर्ने ।</td><td>फोर जी इन्जिनियरिङ सोलुसन प्रा लि</td><td>१९५००००</td><td>१९५००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२९३९८८०</td><td>२९३९८८०</td></tr>
</table></td><td>२,९३९,८८०</td></tr>
<tr><td>४८</td><td>१८४</td><td>२०७७-११-२१</td><td>कार्यक्रम फरक पारी खर्च गरेको<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाइने उल्लेख छ । पालिकाले कार्यक्रम संशोधन नगरी विपन्नसंग मेयर कार्यक्रमको लागि विनियोजित बजेटबाट कार्यालयको लागि ल्यापटप २, प्रिन्टर १ र ए सि जडान ४ खरिद गरी रु ७७४४००।- भुक्तानी गरेको देखिन्छ ।यसरी स्विकृत कार्यक्रम भन्दा फरक कार्यको लागि खर्च गरेको रकम अनियमित देखिएको रु</td><td>७७४,४००</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>पूँजिगतबाट चालु प्रकृतिका खर्च<br>एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा पुँजीगत शिर्षकमा विनियोजन वजेट चालु खर्च गर्न नपाइने उल्लेख छ। यस पालिकाले यस आ.व मा सभाबाटै नै पारित गरी चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी खर्च लेखेको मध्ये लेखापरीक्षण छनौट गरी परीक्षण गर्दा रु.१३१७३०६/- चालु खर्च</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पुँजीगत वजेटमा समावेश गरी खर्च गरेको पाइयो। पुँजीगतवाट गरिएको चालु प्रकृतिका खर्च मध्ये अधिकांश कृषी तथा पशुसेवासंग सम्बन्धित वितरणमुखी कार्यक्रम, खेलकुद सामग्री वितरण, खानेपानी फिल्टर वितरण, कृषक भ्रमण लगायतका वितरणमुखी एवं अनुत्पादक खर्च समावेश भएका देखिन्छ। पुँजीगत खर्चमा वजेट राखि चालु प्रकृतिका खर्च गरी पुँजीगत खर्चको वजेट देखाउने कार्य उचित देखिएन। चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकमा समावेश गरी वजेट खर्च लेखिनु पर्दछ। पुँजीगत शिर्षकबाट गरीएको चालु खर्चको केहि उदाहरण यस प्रकार छन् । | |

| **गो.भौ.न.मिति** | **चालु प्रकृतिका/ वितरणमुखी खर्च विवरण** | **रकम** |
|---|---|---|
| ४४७-२०७८।३।३० | मिलिजुली आइ पि एस कृषक पाठशाला अभिमुखिकरण कार्यक्रम | ९७००० |
| ४०४-२०७८।३।२५ | विद्यालयमा खानेपानी फिल्टर वितरण | ९७००० |
| ३३०-२०७८।३।६ | २० जना कृषकलाई ५०० का दरले अनुदान | ९७००० |
| ३२८-२०७८।३।४ | विउ विजन टनेल लगायत वितरण | ९७००० |
| ३२७-२०७८।३।४ | लब्दीखोला कृषि तथा पशुपालन समुह विउ विजन टनेल लगायत वितरण | ९७००० |
| ३२५-२०७८।३।४ | आधिखोला कृषि तथा पशुपालन समुह विउ विजन टनेल लगायत वितरण | ९७००० |
| ३२४-२०७८।३।४ | सुन्दरचौर कृषि तथा पशुपालन समुह विउ विजन टनेल लगायत वितरण | ९७००० |
| ३१५-२०७८।३।१ | खेलकुद सामग्री खरिद एवं वितरण | ९७००० |
| २४१-२०७८।१।५ | मेयरसंग रोजगार कार्यक्रम अन्तर्गत कुखुरा चल्ला एवं दाना वितरण | ९९८०० |
| २१७-२०७७।१२।२२ | अगुवा कृषक भ्रमण | ९७००० |
| २०८-२०७७।१२।२० | बालमैत्री कार्यक्रम भलिवल, नेट खरिद | ४८५०० |
| | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७-२०७७।१२।२० | प्लाष्टिक टनेल वितरण | १२०००६ | | |
| | | | | ४२-२०७७।९।९ | गौशाला ब्यवस्थापन पराल चुना लागयत खरिद | १७६००० | | |
| | | | | | | १३१७३०६ | | |
| ५० | २८६ | २०७८-१-१८ | **मापदण्ड विपरितको बाटो**<br>वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत मार्गदर्शन, २०७२ को बुँदा नं.१४.११ मा साविक वस्तीहरुका साना बाटाहरुमा समेत एम्बुलेन्स वा दमकल पुग्नसक्ने गरी कम्तिमा ४ मिटर चौडाई हुनेगरी स्थानिय निकायले बाटो विस्तार गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा कार्यालय पहुँच मार्ग रणनैतिक सडकको नयाँ ट्र्याक खोल्ने कार्यको लागि ९७००००।- भुक्तानी गरेकोमा बाटोको चौडाई लागत अनुमान गर्दा ४ मिटर भएकोमा कार्यसम्पन्न हुँदा ३.१० देखि ३.६ मिटर मात्र भएको पाइयो ।यसरी लागत अनुमान अनुरुप कार्य नगरी कम चौडाइको मापदण्ड विपरितकको बाटो बनाएको उचित देखिएन। पालिकाले मापदण्डको पालना गर्नुपर्छ । | | | | | |
| ५१ | | | **स्पेशिफिकेशन देखि इन्स्पेक्शनसम्म एकै ब्यक्तिको संलग्नता**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(३) मा वोलपत्र सम्वन्धि कागजात वा स्पेशिफिकेशन तयार गर्ने कार्यमा संलग्न व्यक्तिले वोलपत्र सम्वन्धि कारवाहीमा भाग लिन नहुने उल्लेख छ।पालिकाबाट खरिद भएको रु.५९ लाख २४ हजार मूल्यको गिटी छान्ने मेशिन स्पेशिफिकेशन सहित लागत अनुमान तयार गर्ने, प्राविधिक पक्षको मूल्यांकन गर्ने र इन्सेप्सन प्रतिवेदन तयार गर्ने कार्यमा हेभी इक्वीपमेन्ट डिभिजन पोखराका मेकानिकल इन्जिनियरको संलग्नता रहेको पाईयो।एकै व्यक्ति स्पेशिफिकेशन देखि इन्सेप्सन सम्मका चरणमा संलग्न रही गरीएको खरिद कार्य मितव्यायी र प्रतिस्पर्धी नहुने अवस्था रहन्छ। पालिकाले उक्त मेशिन खरिदको लागि ५९९६०००।- को लागत अनुमान तयार गरेकोमा ५९२४२७९।- ( लागत अनुमान भन्दा १.१२ प्रतिशत कम) को वोलपत्र स्विकृत भई सम्झौता भएको छ । पालिकाले ऐनमा भएको व्यवस्थाको पूण रुपमा पालना गर्नुपर्दछ। | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ माप्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनका आधारमा निर्माण व्यवसायीलाई वील वा विजकको भुक्तानी दिनुपर्ने व्यवस्था भएकोमा पालिकाले मुलपानी माझीवस्ती वडा नं ७ को मोटरबाटो निर्माण कार्यको लागि खिलुङ कालिका निर्माण सेवा भीरकोटसंग मू अ कर समेत मिति २०७७ मंसिर २१ मा रु ५७८१३७८।०० मा संझौता भएको छ।संझौता र प्राविधक मूल्यांकन बमोजिम निर्माण व्यवसायीलाई जम्मा रु ५७८१३७८।०० भुक्तानी दिनुपर्नेमा निम्न मिति र गो भौ न बाट कन्टिन्जेन्सी समेत जम्मा रु ५९४८३०१।०० भुक्तानी भएको छ।जसमध्ये कन्टिन्जेन्सी रु १५२८००।०० कट्टी गरी रु.५७९५४९२।०० खूद भुक्तानी भएको छ।यसरी संझौता भन्दा बढी भुक्तानी भएको रु.१४११४।०० निर्माण व्यवसायीबाट असुल गरी दाखिला गर्नुपर्ने रु... | १४,११४ |

| सि न | गो भौ न | मिति | भुक्तानी भएको रकम |
|---|---|---|---|
| १ | ४७९ | २०७८।१।१९ | १२६६८४१ |
| २ | - | २०७८।३।२९ | ३७३३१५० |
| ३ | ४२८ | २०७८।३।२९ | ९४८३०१ |
| | | जम्मा | ५९४८२९२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएको**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले आफै निर्माण गर्नुपर्ने कार्यालय भवन निर्माणको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार रु.९८०००००।- खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फतआफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रु.<br><br>**भौ नं. र मिति** \| **कामको विवरण** \| **भुक्तानी रकम**<br>३८६-२०७८।३।२३ \| वडा ८ कार्यालयको भवन निर्माण \| ९८००००० | ९८०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **एज विल्ट नक्शा**<br>भिरकोट नगरपालिका र निर्माण व्यवसायी विच भएको सम्झौताको विशेष शर्त को ७१.२ मा निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भए पछी अन्तिम विल भुक्तानी हुन भन्दा अगावै As built drawing पेश गर्नुपर्ने र निर्माण व्यवसायीले पेश नगरेमा १०००००० निर्माण व्यवसायीलाई भुक्तानी गर्नुपर्ने रकमबाट रोक्का ( Withheld) राख्नुपर्ने व्यवस्था छ । पालिकाबाट निम्न योजनाको कार्य सम्पन्नगरी अन्तिम विल भुक्तानी भएकोमा निर्माण व्यवसायीले As built drawing पेश नगरेको र सम्झौता अनुरुप रकम कट्टी समेत नगरेको पाइएकोले As built drawing पेश गर्नुपर्ने अन्यथा उक्त रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु | ३००,००० |

| गो भौ नं र मिति | योजनाको नाम | अन्तिम विल भुक्तानी मिति | कट्टी गर्नुपर्ने रकम |
|---|---|---|---|
| ०९-२०७७।३।२४ | गडहरे गुफा | २०७७।१०।२७ | १००००० |
| ५३-२०७८।३।३० | ल्याण्ड फिल साइट निर्माण प्रथम चरण | २०७८।३।३० | १००००० |
| २९१-२०७८।२।५ | नगरपालिकाको प्रशासकिय भवन | २०७८।२।५ | १००००० |
| | | | ३००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५</td><td></td><td></td><td>सोझै खरिद<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझौ गर्न सकिनेरु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्न ग्रामिण बाटो सरसफाई गरेकोमा ५ लाख भन्दा बढीको समेत सोझै खरिद गरेको पाइयो । पालिकाले खरिद कार्य गर्दा प्रतिस्प्रर्धा हुने गरी नियमानुसार सिलबन्दी दरभाउपत्र वा वोलपत्रमार्फत खरिद गर्नुपर्नेमा सोझै गरेकोले उक्त रकम अनियमित देखिएको रु.<br>
<table>
<tr><th>गो भौ नं र मिति</th><th>निर्माण व्यवसायी</th><th>कामको विवरण</th><th>रकम</th></tr>
<tr><td rowspan="4">१४०-२०७७।११।१२</td><td>भुषाल इन्टरप्राइजेज</td><td>वडा नं ८ को बाटो सरसफाई</td><td>५१११९६</td></tr>
<tr><td>खिलुङ् कालिका निर्माण सेवा</td><td>वडा न ५ र ९ को बाटो सरसफाई</td><td>९६६१२१</td></tr>
<tr><td>सुनिश कन्स्ट्रक्शन</td><td>वडा नं ४ को बाटो सरसफाई</td><td>११०००५</td></tr>
<tr><td>जे एल सि विल्डर्श</td><td>वडा नं ६ बाटो सरसफाई</td><td>३९००५९</td></tr>
<tr><td>१२५-२०७७।१२।१</td><td>अर्जुन चौपारी कन्स्ट्रक्शन</td><td>वडा नं ७ को बाटो सरसफाई</td><td>२८२०१४</td></tr>
<tr><td colspan="3">कुल जम्मा</td><td>२२५९३९५</td></tr>
</table></td><td>२,२५९,३९५</td></tr>
<tr><td>५६</td><td>२१६</td><td>२०७७-१२-२२</td><td>अमानतबाट काम गरेको<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ (१) मा सार्वजनिक निकायले अमानतबाट काम गराउँदा एक तह माथिको अधिकारीको पूर्व स्विकृत लिनु पर्ने र उपनियम (३) मा १ लाख रुपैयाँको निर्माण कार्यमात्र अमानतबाट गराउन सक्ने व्यवस्था भएकोमा पालिकाले नियमानुसार स्विकृति समेत नलिइ नगरक्षेत्र पुर्वाधार कार्यक्रम अन्तर्गत बाटोमा ग्राभेल राख्ने काम वापत रु ५१००००।- खर्च लेखेको छ । उक्त कार्य वडा नं २ का वडाअध्यक्षले गरेको देखिन्छ । यसरी जनप्रतिनिधिले आर्थिक कारोबार सम्बन्धि कार्य गरेको समेत उचित देखिएन । नियम विपरित अमानतबाट काम गराएको रकम अनियमित देखिएको रु</td><td>५१०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५७</td><td>४२४</td><td>२०७८-३-२९</td><td>बढी भुक्तानी<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को निमय ३९ मा कुनै रकम भुक्तानी दिँदा रित पुग वा नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले फर्निचर एण्ड फिक्चर्श खरिदको लागि मल्ल फर्निचर ल्याण्डसंग रु ३८४५२२३.८६ मा सम्झौता गरेको र उक्त फर्निचर ल्याण्डले सम्झौता अनुसार कार्य सम्पन्न गरी रु ३८४५२२०।- को विजक पेश गरेकोमा पालिकाले रु ३८५५२२०।- भुक्तानी गरेको देखिएकोले सम्झौता र कर विजक भन्दा बढी भुक्तानी गरेको रु १००००।- असुल हुनुपर्ने रु</td><td>१०,०००</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>मुल्य समायोजन बढी भुक्तानी<br>सार्वजनिक खरिदनियमावली २०६४ को नियम ११९ को उपनियम २(ख) अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामाग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नु पर्ने र सोही अनुसार सम्झौतामा उल्लेख गरी सोही आधारमा मूल्य वृद्धि भुक्तानी हुनुपर्ने उल्लेख छ।नगरपालिकाको प्रशासकिय भवन निर्माण कार्यको लागि फेवा गजिन्द्र जे भि संग मिति २०७७।६।१५ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७५।६।२ मा सम्झौता भएको देखिन्छ ।सम्झौता अनुसार निर्माण व्यवसायीलाई मुल्य समायोजन दिन मिल्ने देखिन्छ । निर्माण व्यवसायी र पालिका बिच भएको सम्झौताको GCC ४५.१ मा मूल्य समायोजन सम्बन्धी व्यवस्था छ । GCC को ४५.४ मा आधार इन्डेक्स ( base index) लिँदा बोलपत्र पेश गर्ने अन्तिम मितिबाट ३० दिन अगाडिको लिनु पर्ने र हालको इन्डेक्स ( current index) लिँदा विल पेश गरेको मिति भन्दा ३० दिन अगावैका इन्डेक्स लिनु पर्ने उल्लेख छ ।पालिकाले देहायबोजिम मूल्य समायोजन भुक्तानी गरेकोमा हालको इन्डेक्स फरक पारी भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रु.६५९२४७।- ( मु अ कर समेत) असुल हुनुपर्ने रु
<table>
<tr><th>आइ पि सि नं</th><th>विल पेश हुनुभन्दा ३० दिन अगावैको मिति</th><th>दिनु पर्ने इन्डेक्स</th><th>दिएको इन्डेक्स</th><th>दिएको फ्याक्टर</th><th>दिनुपर्ने फ्याक्टर</th><th>विल रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>IPC 4</td><td>Aug / Sep, 2019</td><td>Labour-495.3<br>Material -106.0<br>Equipment-107.1</td><td>Labour-495.3<br>Material-112.4<br>Equipment-107.11</td><td>०.०८१५</td><td>०.०६०३</td><td>५०९३२४५.१३</td><td>१०७९७७</td></tr>
<tr><td>IPC 5</td><td>Dec /Jan 2020</td><td>Labour-500.8<br>Material -102.4<br>Equipment-107.4</td><td>Labour-500.84<br>Material-112.84<br>Equipment-107.39</td><td>०.०८६५</td><td>०.०३५५६</td><td>७०९८६९६.४६</td><td>३६१६०७</td></tr>
</table></td><td>६५९,२४७</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>IPC 6</td><td>May/Jun 2020</td><td>Labour-496<br>Material<br>-103.4<br>Equipment-<br>107.7</td><td>Labour-495.3<br>Material<br>-105.98<br>Equipment-<br>107.11</td><td>०.०५०१</td><td>०.०३८७५</td><td>१००२८२९०.८०</td><td>११३८२१</td></tr>
<tr><td colspan="4">जम्मा</td><td></td><td></td><td></td><td>५८३४०५</td></tr>
<tr><td colspan="4">१३ प्रतिशत मू अ कर समेत जम्मा</td><td></td><td></td><td></td><td>६५९२४७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५९</td><td></td><td></td><td>पेश्की नकटाई मुल्य समायोजन<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ को उपनियम २(ख) अनुसार सम्पन्न भएको काममा लागेको श्रम, सामाग्री र उपकरणको मात्र मूल्य समायोजन हुने गरी सुत्र निर्धारण गर्नु पर्ने र सोही अनुसार सम्झौतामा उल्लेख गरी सोही आधारमा मूल्य वृद्धि भुक्तानी हुनुपर्ने उल्लेख छ। प्रशासकिय भवन निर्माण कार्यको लागि फेवा गजिन्द्र जे भि संग मिति २०७७।६।१५ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७५।६।२ मा भएको सम्झौता अनुसार निर्माण व्यवसायीलाई मुल्य समायोजन दिने गरी सम्झौता भएकोमा पहिलो र पाँचौ रनिङ् विलको मूल्य समायोजन भुक्तानी दिँदा मोविलाईजेशन पेश्की कटाएर मूल्य समायोजन भुक्तानी दिएको तर अन्तिम विलमा कट्टा गरेको रु ६०२८४०२ पेश्की नघटाई मूल्य बृद्धि दिएको देखिएकोले फ्याक्टर ०.०४८३ को दरले बढी भुक्तानी भएको मूल्य समायोजन रकम रु २९८२६९। (मू. अ. कर समेत ) असूल हुनुपर्ने रु</td><td>२९८,२६९</td></tr>
<tr><td>६०</td><td></td><td></td><td>सम्झौताको कार्यान्वयन<br>वडा नं ५ को पहुँच मार्ग निर्माणको लागि नगरपालिका र शिद्धगढी इन्जिनियर्श एण्ड विल्डर्शसंग भएको सम्झौताको विशेष शर्तको बुँदा नं ३४.३ मा The period between program up to date is 60 days, The amount to be withheld for late submission of update program is 100000 उल्लेख छ । निर्माण व्यवसायीले दोश्रो विल भुक्तानी हुँदासम्म समेत सम्झौता अनुरुप अपडेट प्रोग्राम पेश गरेको दखिएन। पालिकाले सम्झौतामा भएको शर्त पालना गर्ने तर्फ ध्यान पुर्याउनु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | ४ | २०७७-७-३ | **प्रोभिजन सम**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ। प्याराग्लाइडिङ् कम्पाउण्डिङ् निर्माणको लागि निर्माण व्यवसायी प्रेम कृष्ण कन्स्ट्रक्शनसँगको खरिद सम्झौतामा प्रोभिजनल सममा उल्लेखित रकम भुक्तानी दिँदा खर्च भएको वास्तविक बिल पेश गरेको आधारमा भुक्तानी दिने उल्लेख भएकोमा प्रोभिजनल सम अन्तर्गत विमाको प्रिमियम वपात रु.४०५२२।- भुक्तानी दिएकोमा विमाको प्रिमियम तिरेको विल पेश गरेका देखिएन।उक्त कार्यको वास्तविक खर्च भएको बिल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ४०,५२२ |
| ६२ | | | **सम्झौता भन्दा बढी भुक्तानी**<br>सम्झौता भन्दा बढी भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नाप जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। छ।वडा नं ५ को कार्यालय भवन निर्माणको रुप निर्माण सेवा र नगरपालिका विच २०७६।९।२९ मा सम्झौता रकम मु अ कर र प्रोभिजन सम बाहेक रु.४३७८१६१.१० को सम्झौता भएकोम पालिकाले मु अ कर र प्रोभिजन सम बाहेक ४४५९३७७.३० को कार्यसम्पन्न गरी कुल रु ४९९४०४०।- भुक्तानी भएको छ । पालिकाले सम्झौता अनुसार रु ४३७८१६१.१० मा मू अ कर थप र प्रोभिजल सम वापत भुक्तानी भएको रु.३४४५९।- समेत जम्मा रु.४९८१७८१।- भुक्तानी गर्नुपर्नेमा थप भेरियसन समेत स्विकृत नगरी सम्झौता भन्दा रु १२२६५।- बढी भुक्तानी भएको असुल हुनुपर्ने रु | १२,२६५ |
| ६३ | | | **कम कर कट्टी गरेको**<br>आयकर ऐन, २०५८ को दफा ८९(३क) मा उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको रु ५० लाख भन्दा वढीको भुक्तानी रकममा एक दशमलव पाँच प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने उल्लेख छ । ।ग्रिजी स्क्रिन भाइव्रेटर मेशिन पुर्वाधार निर्माण उपभोक्ता समितिसंग भएको सम्झौता अनुरुप ५१७५०००।- भुक्तानी गर्दा रु ७७६२५।- कर कट्टी गर्नुपर्नेमा रु ७१४२०।- मात्र कर कट्टी गरेको देखिएको ले नपुग कर रु ६२०५।- सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु | ६,२०५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | ३८६ | २०७८-३-२३ | **कन्टिन्जेन्सी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको भुक्तानी दिँदा उपनियम ३ को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको कन्टिन्जेन्सी रकम कट्टा गरेरमात्र भुक्तानी दिने व्यवस्था छ ।पालिकाले वडा कार्यालय भवन निर्माणको लागि नगरपालिकाको रु ९५०६००।-( कन्टिन्जेन्सी बाहेक) भुक्तानी गर्ने गरी उपभोक्ता समितिसंग रु १०५३९९०.७८ को कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा पालिकाले कन्टिन्जेन्सी समेत रु ९८००००।- उपभोक्ता समितिलाई भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रु २९४००।- असुल गर्नुपर्ने रु | २९,४०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६५</td><td></td><td></td><td>

**हेभि उपकरणको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ।पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।यसरी उपभोक्ता समितिमार्फत उपकरण प्रयोग गरी काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, पूर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐन नियमको प्रतिकूल समेत देखिन्छ। यसतर्फ गाउँपालिकाले अगामि दिनमा सुधार गर्नुपर्दछ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

<table>
<tr><th>गो भौ नं./मिति</th><th>आयोजनाको नाम</th><th>भुक्तानी रकम</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
<tr><td>४२७-२०७८।३।२९</td><td>कालिका क्याम्पस देखि खिलुङ ग्रामिण सडक स्तरोन्नति</td><td>९७००००</td><td>एक्साभेटर / डोजर</td><td>६५७३५८</td></tr>
<tr><td>२८६-२०७८।१।२८</td><td>वडा कार्यालय पहुँच मार्ग रणनैतिक सडकको नयाँ ट्र्याक खोल्ने कार्यको</td><td>९७००००</td><td>एक्साभेटर / डोजर</td><td>११९२६५७</td></tr>
<tr><td>१५०-२०७७।११।१७</td><td>पासिन डाँडा चिउरीखर्क ग्रामिण सडक</td><td>५०००००</td><td>एक्साभेटर / डोजर</td><td>५००५९०</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **उपभोक्ता समिति छनौट**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ। कार्यालयले यस बर्ष उपभोक्ता समितिमार्फत रु ३ करोड ९२ लाख ६९ हजारको कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन ।यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन ।यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गर्नुपर्दछ । | |
| ६७ | ४२७ | २०७८-३-२८ | **मू अ कर बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाइ निर्माण कार्यको भुक्तानी दिँदा उपनियम ३ को खण्ड ख बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर कट्टा गरेरमात्र भुक्तानी दिने व्यवस्था छ । कालिका क्याम्पस देखि खिलुङ ग्रामिण सडक स्तरोन्नति कार्यको सडकमा ग्राभेल गर्दा खानीको ग्रयानुयल मेटेरिय विछ्याउने कामको लागत अनुमान तयार गर्दा जिल्ला दररेट ११००।- मा मू अ कर थप गरेर प्रति घनमिटर रु १२४३ का दरले २०१.६ घनमिटरको भुक्तानी गरेकोमा उपभोक्ता समितिले सो को मु अ कर विजक पेश नगरेकोले बढी भुक्तानी भएको रु.२८८२९।- सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु | २८,८२९ |
| ६८ | | | **उपभोक्तालाई बढी भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को निमय ३९ मा कुनै रकम भुक्तानी दिँदा रित पुग वा नपुगेको जाँच गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ ।ग्रिजी स्क्रिन भाइव्रेटर मेशिन पुर्वाधार निर्माण उपभोक्ता समितिसंग नगरपालिकाको तर्फबाट ५१७५४५४।- र उपभोक्ताको योगदान १९३७७५.२१ रहने गरी कूल रु ५३६९२२९.७० को कार्यसम्पन्न हुने गरी सम्झौता गरेकोमा सोहि अनुरुप रु ५३६८७७४.२७ को कार्यसम्पन्न भएको छ । पालिकाले उपभोक्तालाई रु ५१७५०००।- र कन्टिन्जेन्सी खर्च रु १५५२५०।- गरी जम्मा रु ५३३०७०४।- खर्च लेख्नुपर्नेमा कुल कार्यसम्पन्न रकम ५३६८७७४।- खर्च लेखेको देखिएकोले उपभोक्तालाई बढी भुक्तानी भएको रु ३८५२४।- असुल हुनुपर्ने रु | ३८,५२४ |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६९</td><td></td><td></td><td>

**उपभोक्ताको बिल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परिक्षण गर्दा निम्न योजनामा प्रयोग भएको सामग्री भन्दा बढी खरिद गरेका विल राखेर भुक्तानी भएको देखिन्छ ।यसरी आवश्यक भन्दा बढी सामग्री खरिद गरेकोले उपभोक्ताले पेश गरेको विल यथार्थपरक नभएको र सामग्रीमा न्युन विजकिकरण समेत भएको देखिन्छ । पालिकाले ओ पि सि सिमेन्टको प्रतिवोरा ८२५ का दरले दर विश्लेक्षण गरेकोमा पि पि सी सिमेन्ट किनेको, पालिकाले लागत अनुमान तयार गर्दा सिमेन्टको मुल्य रु ८२५ प्रतिवोरा राखेकोमा उपभोक्ताले रु.५१३ प्रति वोरा, डण्डी प्रति के जि ८० देखि ८४ राखेकोमा प्रति के जी रु ६५ मा समेत खरिद गरेको विल पेश गरेको देखिएकाले पालिकाले भुक्तानीमा यस सम्बन्धमा ध्यान पुर्याउनुपर्ने देखिन्छ ।

<table>
<tr><th>गो भौ नं</th><th>योजनाको नाम</th><th>कामको विवरण</th><th>सामग्रीको विवरण</th><th>प्रयोग भएको परिमाण</th><th>विल पेश भएको परिमाण</th></tr>
<tr><td rowspan="2">११५-२०७७।१०। २९</td><td rowspan="2">क्रसर मेशिन पुर्वाधार निर्माण</td><td>PCC work, stone masonry work</td><td>सिमेन्ट</td><td>११२८ वोरा</td><td>१५३० बोरा</td></tr>
<tr><td>डण्डीको काम</td><td>डण्डी</td><td>२९५४.८६ के जि</td><td>७९७८</td></tr>
<tr><td>३०४-२०७८।२।१९</td><td>सार्वजनिक शौचालय मर्मत</td><td>PCC work, stone masonry work</td><td>सिमेन्ट</td><td>४९५ बोरा</td><td>५०७ बोरा</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराएको**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी सिर्जना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ।साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ।नगरपालिककाले ।ग्रिजी स्क्रिन भाइब्रेटर प्लाण्ट स्थापना एवं निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्य गराइ रु.५३३०२५०।- भुक्तानी गरेको पाइयो । उक्त प्लाण्ट स्थापना गर्दा आवश्यक ३ के भि ए ट्रान्फर्मर लगायत विद्युतिय सामग्री खरिद एवं फिटिङको लागि रु २७७५८८७।- साथै ३ फेजको विद्युतिय प्रणाली लगायत मेशिन पार्टसको लागि रु.४६५४४१।- भुक्तानी गरेको छ । साथै सानो खोल्सा लिफ्टिङ् खानेपानी योजना रु १६४९०००।- भुक्तानी भएकोमा रु १५२९२७६।- को सोलार प्यानल लगायतका विद्युतिय सामग्री खरिद एवं जडान वापत भुक्तानी भएको छ ।उक्त खरिद भएका सामग्रीको गुणस्तर परीक्षण समेत नभएको अवस्था छ ।यसरी उपभोक्ता समितिमार्फत काम गराउँदा प्रतिस्पर्धा नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर नहुने, खरिद कार्य गराउँदा रोजगारी सिर्जना नहुने अवस्था देखिने हुँदा यसरी गरेको कार्य ऐन नियमको प्रतिकूल समेत देखिन्छ। यस्ता जटिल प्रकृतिका कार्यहरु प्रतिस्पर्धा गराई गर्नुपर्नेमा उपभोक्ता समितिबाट गराएको र कार्य सम्पन्न गराएको देखिएकोले यसतर्फ नगरपालिकाले अगामि दिनमा सुधार गर्नुपर्दछ। | |
| ७१ | ४२७ | २०७८-३-२९ | **जिल्ला दररेट भन्दा बढी भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने र सोहि अनुरुप भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले कालिका क्याम्पस देखि खिलुङ ग्रामिण सडक स्तरोन्नति कार्यको लागि निम्नानुसार मेशिनले खन्ने कामको भुक्तानी दिँदा स्विकृत जिल्ला दररेट भन्दा बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु ३८१३८।-सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु | ३८,१३८ |

| कामको विवरण | स्विकृत जिल्ला दर मु अ कर समेत | भुक्तानी दर | कामको परिमाण | बढी भुक्तानी |
|---|---|---|---|---|
| नरम माटो खन्ने | ९०.४ | १०१.७ | ११२५ घ मि | १२७१३ |
| कडा माटो खन्ने | १०१.७ | ११३ | २२५० घ मि | २५४२५ |
| | | | | ३८१३८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२ | | | **लगत कट्टाः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ३ दफा ११ मा लाभग्राहीको मृत्यु भएमा बसाईसराई गरेर गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा ५ वर्ष उमेर पुरा गरेमा, नविकरण नगरेमा, कुनै लाभग्राहीले एक वर्षभित्र रकम नबुझेमा वा बैकं मार्फत भत्ता वितरण गर्दा लाभग्राहीको खाता निष्क्रिय रहेमा सम्बन्धित स्थानीय तहको मूल अभिलेखवाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले लगत कट्टाको विवरण प्राप्त उपलब्ध नगराएकोले यस सम्बन्धमा यकिन गर्न सकिएन। | |
| ७३ | | | **निष्क्रिय खाताः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छे ५ दफा २६(३) मा एक आर्थिक वर्षसम्म एक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक वैकंवाट अनुसूची-११ वमोजिमको ढांचामा प्राप्त गरी त्यस्ता लाभग्राहीको सम्वन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु वा कुनै कारण ले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्वन्धित वैङ्कवाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीञ संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले अनुसूची -११ वमोजिमको ढाँचामा सेवा प्रदायक वैकंवाट विवरण माग गरेको पाईएन। पालिकाले कार्यविधिमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ। | |
| ७४ | | | **संघिय संचितकोष दाखिला गर्नुपर्नेः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा १८ को ३ मा सामाजिक सुरक्षा भत्ता वितरणका लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा वितरण नभएमा सो रकम फ्रिज भई नेपाल सरकारको संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्स्था छ।पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणका लागि रु. ९४६८१७६३।०० विभिन्न मितिमा निकासा भएकोमा रु. ९४५४८०९८।०० वितरण गरी रु. १३३६६५।०० बाँकी रहेकोमा विभिन्न मितिमा रु.२९९२३।०० फिर्ता गरेको पाईयो।उक्त बाँकी फिर्ता गर्नुपर्ने रहेको रु.१०३७४२।०० व्याज सहित बैकंवाट असूल गरी संघिय संचितकोष दाखिला गर्नुपर्ने रु. | १०३,७४२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | **फोहोरमैला व्यवस्थापन शुल्क**<br>नगरपालिका क्षेत्रभित्रबाट संकलित फोहोरमैला व्यवस्थापन वापत सेवाग्राहीबाट पालिकालाई निश्चित दरमा शुल्क निर्धारण गरी पालिकाले वार्षिक रु.२ लाख ४२ हजार र कवाडी सामान विक्रीवापत रु.३ लाख ४६ हजार समेत गरी रु.५ लाख ८८ हजार शुल्क संकलन गरेको पाइयो। पालिकाले किराना पसल ७२ औषधी पसल ४ किराना तथा फलफुल पसल ३० र आवासीय घर ४८९ बाट तोकिएको शुल्क अनुसार प्रति महिना रु ६०५००।०० का दरले बार्षिक रु ७२६००० ।०० राजश्व फोहोरमैला शुल्क संकलन गर्नुपर्नेमा तोकिए वमोजिम संकलन भएको पाइएन।पालिकाले सवै सेवाग्राहीहरुलाई कर तथा शुल्कको दायरामा ल्याएको छैन। पालिकाले सवै सेवाग्राहीहरुलाई कर तथा शुल्कको दायरामा ल्याउने कार्यमा ध्यान दिनुपर्दछ। | |
| ७६ | | | **उत्खनन परिमाण**<br>नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयबाट जारी भएको ढुंगा गिट्टी बालुवा उत्खनन बिक्री तथा ब्यवस्थापन सम्वन्धी मापदण्ड,२०७७ को दफा ७ मा स्वीकृत परिमाण भन्दा बढी उत्खनन हुन नदिन उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट नापजाँचका आधारमा उत्खनन तथा क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनुपर्ने व्यवस्था गरेको छ।पालिकासंग भएको संझौता बमोजिम ऋभु कन्स्ट्रक्सन प्रा.लि. ले दिएको प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन,२०७७ मा विभिन्न ६ स्थानको वगरहरुमा वार्षिक जम्मा हुने परिमाण ६३७२७३.२० घनमिटर भएकोमा उत्खनन गर्न सकिने परिमाण जम्मा भएको परिमाणको २५% प्रतिशत मात्र उत्खनन गर्न सकिने प्रतिवेदनमा उल्लेख भएको छ।उक्त प्रतिवेदन अनुसार प्रदेश सरकारले निर्धारण गरेको प्रति क्यूफिट रु.७ का दरले वार्षिक रु.३ करोड ९६ लाख ९० हजार मू.अ.कर बाहेक राजश्व संकलन गर्न सकिने देखिन्छ।सोही मापदण्डको दफा ७(६) मा संकलनकर्ताले उत्खनन तथा संकलन गरेको परिमाणको दैनिक अभिलेख अनुसूची ४ (क) बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेकोमा संकलनकर्ताले सो बमोजिमको अभिलेख नराखेकोले कति परिमाणमा उत्खनन भएको भनी एकिन गर्न सकिएन।भण्डारण भएको कति % उत्खनन भएको सम्वन्धमा वास्तविकता एकिन नहुने भएकोले प्रतिवेदनमा उल्लेखित परिमाणमा ठेक्का वन्दोवस्त नहुँदा पालिकामा ७५% ले कम राजश्व संकलन हुने देखियो।पालिकाले अनुसूची ४ बमोजिमको ढाँचाम अभिलेख राख्नुपर्दछ।<br>*आई.ई.ई प्रतिवेदनको तलिका नं ३.२ अनुसार पालिकाभित्रको ढुंगा, गिट्टी, वालुवा उत्खनन गर्न सकिने परिमाणको स्थिति यस प्रकार रहेको छ।*<br><table><tr><td>सि न</td><td>उत्खनन हुने स्थान</td><td>परिमाण</td></tr><tr><td>१</td><td>आँधीखोला नदीको स्थान नं १</td><td>२९६९४.५</td></tr><tr><td>२</td><td>आँधीखोला नदीको स्थान नं २</td><td>१७४००.६</td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>आँधीखोला नदीको स्थान नं ३</td><td>३४३२९</td></tr>
<tr><td>४</td><td>आँधीखोला नदीको स्थान नं ४</td><td>२७८५५.५</td></tr>
<tr><td>५</td><td>आँधीखोला नदीको स्थान नं ५</td><td>१७४६२.७</td></tr>
<tr><td>६</td><td>आँधीखोला नदीको स्थान नं ६</td><td>३२५७६</td></tr>
<tr><td></td><td>जम्मा (घनमिटरमा)</td><td>१५९३१८</td></tr>
<tr><td></td><td>जम्मा (वर्ग मिटरमा)</td><td>५६७०१२७*७Ö ३९६९०८९३.००</td></tr>
</table>
पालिकाले चालु आ.व. मा ट्याक्टर व्यवसायीहरुबाट १५ दिनको रु.५००००।०० का दरले ६१ ट्याक्टर व्यवसायीबाट जम्मा रु.३०५००००।००, व्यक्ति तथा संस्थाबाट रु.२७८४९०।०० र आफैले संकलन तथा प्रशोधन गरी बिक्रीबाट रु.१६२६४५५।०० समेत गरी जम्मा रु.४९५४९४५।०० राजश्व संकलन गरेको देखिन्छ।</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>आन्तरिक आय<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक तथा बार्षिक रुपमा प्राप्त भएको आय स्पष्ट देखिने गरी श्रेस्ता राख्नुपर्ने, रसिद नियन्त्रण खाता राख्नुपर्ने, वडा कार्यलयहरुमा पठाएका र फिर्ता आएका रसिदको अद्यावधिक श्रेस्ता नरहेको, रसिदको सिलसिलेवार नम्वर अनुसार उठाएको आय र बैंक दाखिलाको रकम नभिडेको हुँदा यो वर्ष घरबाटो सिफारिसदस्तुर, सम्पत्तिकर, मालपोत रजिष्टेशन शुल्क तथा अन्य आयवापत हुनुपर्ने वास्तविक आम्दानी एकिन गर्न सकिएन।यो वर्ष आन्तरिक आय वापत रु.२ करोड ७ लाख १२ हजार आम्दानी देखिएको छ।पालिकाले आवश्यक म ले प फा न हरु र श्रेस्ता अद्यावधिक गरी आन्तरिक आयलाई पारदर्शी गर्ने गराउने र आयको उचित अभिलेखांकन तथा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **व्यवसाय दर्ता तथा नवीकरण**<br>पालिकाद्धारा स्थानीय राजपत्रमा प्रकाशित आर्थिक ऐन, २०७७ मा पालिका क्षेत्रभित्र व्यापार, व्यवसाय, सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय दर्ता गर्नुपर्ने तथा ऐ. ऐनको अनूसूचीमा तोकिए बमोजिम कर निर्धारण गरी असूल गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाको क्षेत्रभित्र संचालित हालसम्म दर्ता भएका ,चालु आ.व.०७७।७८ मा दर्ता भएका, नवीकरण ,लगत कट्टा र नबीकरण गर्न बाँकी के-कति अवस्थामा रहेको पालिकासंग विवरण माग गरेकोमा सोको यथार्थ विवरण प्राप्त नभएकोले एकिन गर्न सकिएन।पालिकाभित्र संचालित सवै व्यवसायीहरु पालिकामा दर्ता भई करको दायरामा आएको पाइएन।हालसम्म पालिकामा व्यवसाय दर्ता तथा नवीकरण म्यानुअल भएकोमा यथार्थ विवरणको सम्वन्धमा आश्वास्त हुन सकिएन।पालिकाले सूचना प्रविधिबाट व्यवसायको दर्ता नवीकरण तथा खारेजीको यथार्थ विवरण अद्यावधिक गर्नुपर्दछ। | |
| ७९ | | | **राजश्व रकम समयमा दाखिला नभएको**<br>स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ९ मा पालिकाको वित्तिय अधिकार क्षेत्रको वारेमा व्यवस्था गरेको तथा आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९,१०,१५ बमोजिम दैनिक रुपमा प्राप्त भएको राजश्व स्पष्ट देखिने गरी श्रेस्ता खडा गरि सोही दिन वा सोको भोलीपल्ट दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले प्रमाणित गरी दिएको विवरण अनुसार पालिका अन्तर्गतका ९ वडाहरुले विभिन्न शिर्षकलाई एकिकृत आम्दानी र विविध आम्दानी शिर्षक राखी संकलन गरेको राजश्व रकम समयमा दाखिला गरेको पाइएन।संकलित राजश्व समयमा दाखिला नभएकोले समयमा दाखिला नगर्ने सम्वन्धित पदाधिकारीहरु जिम्मेवार बनाई समयमा दाखिला नभएको रमकको प्रचलित कानूनले तोकेको व्याज समेत एकिन गरी समयमा नै दाखिला गर्ने गराउने तर्फ पालिकाले विशेष ध्यान दिनु पर्ने देखियो।वडागत रुपमा संकलन भएको राजश्वको दाखिलाको स्थिति यस प्रकार रहेको छ। | |

| वडा नं | संकलित रकम | दाखिला भएको रकम | कैफियत |
|---|---|---|---|
| १ | ५४२९०३ | ५४२९०३ | - |
| २ | ५४८४८९ | ५४८४८९ | बैशाख र जेष्ठमा संकलित राजश्व आषाढको अन्तिममा दाखिला भएको। |
| ३ | ४९१०८० | ४९१०८० | - |
| ४ | २५८५१४ | २५८५१४ | जेष्ठमा संकलित राजश्व आषाढको अन्तिममा दाखिला भएको। |
| | | | - |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ५ | ३५४४३३ | ३५४४३३ | | | |
| | | | | ६ | २९३७९९ | २९३७९९ | जेष्ठमा संकलित राजश्व आषाढको अन्तिममा दाखिला भएको। | | |
| | | | | ७ | १६५९३२ | १६५९३२ | माघ देखि जेष्ठ सम्मको एकैपटक आषाढको अन्तिममा दाखिला भएको। | | |
| | | | | ८ | २३९५६५ | २३९५६५ | जेष्ठमा संकलित राजश्व आषाढको अन्तिममा दाखिला भएको। | | |
| | | | | ९ | २७७२६३ | २७७२६३ | श्रावण र जेष्ठमा संकलित राजश्व आषाढको अन्तिममा दाखिला भएको। | | |
| | | | | जम्मा | ३१७१९७८ | ३१७१९७८ | | | |
| | | | माथि उल्लिखित अवस्थाबाट संकलित राजश्व समयमा दाखिला भएको पाइएन।वडा नं ७ ले ५ महिनामा संकलन गरेको राजश्व आषाढको अन्त्यमा मात्रै दाखिला गरेको देखिन्छ।जसबाट वास्तविक आयको आंकलन नसकिने एंव राजश्व रकमको दुरुपयोग समेत हुने देखियो।पालिकाले वडागत रुपमा संकलित राजश्व समयमा दाखिला गराउने तर्फ विशेष ध्यान दिनुपर्ने देखियो। | | | | | | |
| ८० | | | **मू अ कर असुल नभएको** नेपाल सरकारले जारी गरेको ढुंगा, गिट्टी, बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ४ मा पालिकाले कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अधिकर प्राप्त निकायबाट स्वीकृत गरी पालिकाको स्वीकृत दरमा संकलनको अनुमति तथा विक्रीको ठेक्का वन्दोवस्त गर्नुपर्ने तथा ठेक्का वन्दोवस्त गर्दा नदिजन्य पदार्थको ठेक्का लिने व्यवसायी अनिबार्य रुपमा मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनुपर्ने व्यवस्था गरेको छ।पालिकाले उल्लिखित ६ स्थानबाट नदीजन्य पदार्थको उत्खनन गर्नको लागि मिति २०७७।६।२३ देखि मिति २०७७।७।७ सम्म १५ दिनको लागि प्रति ट्याक्टर रु.५००००।०० का दरले राजश्व बुझाउने गरी संझौता भएको छ।यसरी १५ दिनको ६१ ट्याक्टरबाट रु.३०५००००।०० राजश्व संकलन भएको देखिन्छ।प्रति दिनको ठेक्का लगाएकोले कति परिमाण नदीजन्य पदार्थ उत्खनन भएको सम्वन्धमा एकिन गर्न सकिएन।यसरी दिनको आधारमा नभई परिमाणका आधारमा ठेक्का लगाउनु पर्दछ।साथै उक्त रकमको पालिकाले मू.अ.कर समेत लिएको पाइएन।संकलित रु.३०५००००।०० को १३ प्रतिशतले हुने रु. ३९६५००।०० सम्वन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.. | | | | | | ३९६,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८१ | | | **लागत अनुमान**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख भन्दा बढी रकमको परामर्श सेवाको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने तथा खरिद नियमावली ,२०६४ को नियम ९ को अधिनमा रही नियम १२ बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले पालिका अन्तर्गतको नदी तथा खोला बगरहरुको ढुंगा, गिट्टी, बालुवा संकलन तथा उत्खनन कार्यको प्रारम्भिक वातावरण परीक्षण तयारी कार्यकोलागिइन्टिग्रेटेड डेभेलपमेन्ट एण्ड म्यानेजमेन्ट प्रा.लि. संग रु.२२६६२१।०० मा संझौता गरी सोही अनुसार भुक्तानी भएको छ।उक्त कार्यको लागि पालिकाले लागत अनुमान तयार गरेको पाइएन। यसरी ऐन तथा नियमावलीमा भएको व्यवस्थाको विपरीत हुने गरी भएको खर्च अनियमित देखिएको रु. | २२६,६२१ |
| ८२ | | | **अमानतबाट राजश्व संकलन**<br>नेपाल सरकारले जारी गरेको ढुंगा**,** गिट्टी**,** बालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ४ मा पालिकाले कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अधिकार प्राप्त निकायबाट स्वीकृत गरी पालिकाको स्वीकृत दरमा संकलनको अनुमति तथा विक्रीको ठेक्का वन्दोवस्त गर्नुपर्ने तथा ठेक्का वन्दोवस्त गर्दा नदिजन्य पदार्थको ठेक्का लिने व्यवसायी अनिबार्य रुपमा मूल्य अभिबृद्धि करमा दर्ता भएको हुनुपर्ने व्यवस्था गरेको छ।पालिकाले नदीजन्य पदार्थको विक्रीमा ठेक्का प्रक्रियामा नगई पालिका आफैले नदीजन्य पदार्थको प्रशोधन गरी बिक्री गर्ने प्रयोजनको लागि रु ५९ लाख ९६ हजारको ग्रिजी स्क्रिनिङ् भ्राइवेटर मेशिन खरिद र सोको पूर्वाधार निर्माणमा रु ८६ लाख ६६ हजार खर्च भएको छ। नदीबाट सामाग्री संकलन गरी उक्त मेशिनबाट प्रशोधन गरी प्रति घनमिटर रु.१८००।०० मूल्य कायम गरी विक्री वापत मिति २०७८ बैशाख १९ बाट २०७८ आषाढ मसान्त सम्म जम्मा रु.१६२६४५५।०० राजश्व संकलन गरेको देखिन्छ।प्रति घनमिटरको दर रु.१८००।०० मा मूल्य अभिबृद्धि कर समावेश भए नभएको एकिन गर्न सकिएन।पालिकाले नदीजन्य पदार्थको विक्री अमानतबाट नगरी ठेक्का वन्दोवस्त गरी राजश्व संकलन गर्नुपर्दछ। | |
| ८३ | | | अनुगमन तथा संपरीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ।यो वर्षको लेखापरीक्षणको क्रममा पालिकाबाट फछ्यौट भई पेश भए बमोजिम जम्मा रु. २८४५६८२०।०० सम्परीक्षण भएको छ। | |

| आ.व. | वेरुजु दफा | वेरुजुको संक्षिप्त व्यहोरा | संपरीक्षण | |
|---|---|---|---|---|
| | | | संपरीक्षणका प्रमाण तथा आधार | रकम |
| २०७४।७५ | ५७ | वढी भुक्तानी | असुल भई दाखिला भएको प्रमाण पेश | ७२०००० |
| २०७४।७५ | ६४ | भरपाई पेश नभएको | भरपाई पेश भएको | ११३००० |
| | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७४।७५ | ७२ | करकट्टी नगरी भुक्तानी | दाखिला भएको भौचर पेश भएको | ३९५०० | | |
| | | | २०७५।७६ | २८ | वढी भुक्तानी | असुल गरी दाखिला भएको भौचर पेश भएको | १७४४४५ | | |
| | | | २०७५।७६ | ३७ | पेश्की फर्छ्यौट नभएको | फर्छ्यौट भएको | २०००० | | |
| | | | २०७५।७६ | २३.३ | पेश्की फर्छ्यौट नभएको | फर्छ्यौट भएको | २०००००० | | |
| | | | २०७५।७६ | २३.१, २३.२ | प्रमाण वेगर भुक्तानी | प्रमाण पेश भएको | १६००००० | | |
| | | | २०७६।७७ | २२ | कृषकहरुलाई वढी अनुदान निकासा | असुल गरी दाखिला भएको भौचर पेश भएको | ३७००० | | |
| | | | २०७६।७७ | २३ | विल भरपाई वेगर भुक्तानी | विल भरपाई" पेश भएको | ४००००० | | |
| | | | २०७६।७७ | ३४ | वढी निकासा | संचितकोष दाखिला भएको प्रमाण पेश | १९२७२० | | |
| | | | २०७६।७७ | ३८ | पाठ्यपुस्तक अनुदानमा वढी निकासा | संचितकोष दाखिला भएको प्रमाण पेश | ३०००० | | |
| | | | २०७६।७७ | ३९ | प्रस्तावना वेगर भुक्तानी | प्रस्तावना पेश भएको | २००००० | | |
| | | | २०७६।७७ | ४० | भरपाई पेश नभएको | भरपाई पेश भएको | ५९२००० | | |
| | | | २०७६।७७ | ११.२ | प्रमाण पेश नभएको | प्रमाण पेश भएको | १३०३२०२ | | |
| | | | २०७६।७७ | ३० | प्रमाण पेश गर्नुपर्ने | दाखिला भएको भौचर पेश | ७६९०४८ | | |
| | | | २०७६।७७ | ३३ | प्राविधिक मूल्यांकन पेश नभएको | पेश भएको | ४५६७७०० | | |
| | | | २०७६।७७ | ४४ | पेश्की फर्छ्यौट नभएको | फर्छ्यौट भएको | ७००००० | | |
| | | | २०७४।७५ | ५८ | आर्थिक सहायता वितरण गरेको रकम नियमसम्मत नदेखिएको | नियमित भई आएको | १५००००० | | |
| | | | २०७४।७५ | ६१ | स्वीकृत दरवन्दी वेगर करार सेवा | नियमित भई आएको | ६०००० | | |
| | | | २०७४।७५ | ६२ | सुविधा अनियमित देखिएको | नियमित भई आएको | ५१६००० | | |
| | | | २०७४।७५ | ७१ | वाटो निर्माण कार्य गर्दा धरौटी कट्टी नभएको | निर्माण कार्यको त्रुटी सच्याउने अवधि समाप्त भई सकेको | ८४०१९ | | |
| | | | २०७४।७५ | ७४ | मू.अ.करमा दर्ता नभएको संग सामाग्री खरिद | नियमित भई आएको | ७५००० | | |
| | | | २०७६।७७ | ११.१ | घटी दरमा कर संकलन गरेको | नियमित भई आएको | १६४१२५१ | | |
| | | | २०७६।७७ | १८ | स्वीकृत दरवन्दी वेगरको करारसेवा | नियमित भई आएको | २५९३८९० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७६।७७</td><td>२७</td><td>सोझै खरिद</td><td>नियमित भई आएको</td><td>१४०२६१३</td></tr>
<tr><td>२०७६।७७</td><td>२९</td><td>वडा कार्यालय भवन उपभोक्ता समिती मार्फत गराएको</td><td>नियमित भई आएको</td><td>३७०००००</td></tr>
<tr><td>२०७६।७७</td><td>३२</td><td>परामर्श सेवा खरिद गर्दा मूल्याकंन प्रक्रिया त्रुटिपूर्ण भएको</td><td>नियमित भई आएको</td><td>३४२५४३२</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२८४५६८२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८४</td><td></td><td></td><td>
अद्यावधिक वेरुजु<br>
यस नगरपालिकाको २०७७।७८ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरीएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>३६३१४</td><td>२८४५६</td><td>१४७२४</td><td>०</td><td>२२५८२</td></tr>
</table>
</td><td></td></tr>
</table>